# प्रहरी कुकुर (K-9) हरुको विषयगत सङ्ख्या निर्धारण, सेवा प्रवेश तथा सेवामुक्त सम्बन्धी कार्यनिर्देशन -२०८०

## (पहिलो परिमार्जन)

नेपाल प्रहरी
सत्य सेवा सुरक्षणम्

नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग
नेपाल प्रहरी केनाईन कार्यालय
महाराजगंज, काठमाण्डौ

श्रीमान् प्रहरी महानिरीक्षकज्यू,
नेपाल प्रहरी प्रधान कार्यालय, नक्साल ।

विषय: कार्यनिर्देशन परिमार्जन गरी स्वीकृतिका लागि पेश गरिएको सम्बन्धमा ।

महोदय,

प्रस्तुत विषयमा नेपाल प्रहरीको केनाईन सेवातर्फ सेवारत प्रहरी कुकुर (K-9)हरुको सङ्ख्या निर्धारण, सेवा प्रवेश तथा सेवामुक्त गर्ने प्रयोजनको लागि तयार गरिएको **"प्रहरी कुकुर (K-9)हरुको विषयगत सङ्ख्या निर्धारण, सेवा प्रवेश तथा सेवामुक्त सम्बन्धी कार्यनिर्देशन -२०८०"** स्वीकृत भई कार्यान्वयनमा रहेकोमा हाल उक्त कार्यनिर्देशनमा रहेका कतिपय विषयवस्तु, प्रावधान तथा अनुसूचीहरुमा आवश्यकता अनुसार हेरफेर एवं थप गर्नुपर्ने देखिएकाले उक्त कार्यनिर्देशनलाई समयसापेक्ष परिमार्जन गरी पेश गर्नको लागि तालुक नेपाल प्रहरी प्रधान कार्यालय प्रहरी महानिरीक्षकको सचिवालयको च.नं. ११५१ मिति २०८१/१०/०९ गतेको पत्रादेशानुसार गठित समितिले उक्त कार्यनिर्देशनलाई समयसापेक्ष परिमार्जन गरी स्वीकृतिका लागि श्रीमान् समक्ष पेश गरिएको व्यहोरा सादर अनुरोध गरिएको छ ।

**कार्यनिर्देशन परिमार्जन समिति:**

| | | | | |
|---|---|---|---|---|
| १. | प्र.ना.म.नि. | श्री अरुण कुमार पौडेल | नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, नक्साल | -अध्यक्ष |
| २. | प्रा.प्र.उ. | डा. राम चन्द्र सत्याल | नेपाल प्रहरी केनाईन कार्यालय, महाराजगंज | -सदस्य |
| ३. | प्र.ना.उ. | श्री कमल बेल्वासे | नेपाल प्रहरी प्रधान कार्यालय, अन्वेषण योजना तथा विकास निर्देशानालय, नक्साल | -सदस्य |
| ४. | प्रा.प्र.ना.उ. | डा. चेत नारायण ज्ञवाली | नेपाल प्रहरी केनाईन कार्यालय, महाराजगंज | -सदस्य सचिव |
| ५. | प्र.ना.उ. | श्री लक्ष्मण ओली | नेपाल प्रहरी प्रधान कार्यालय, बजेट शाखा, नक्साल | -सदस्य |
| ६. | प्र.ना.उ. | श्री रुक बहादुर खड्का | नेपाल प्रहरी प्रधान कार्यालय, कानून शाखा, नक्साल | -सदस्य |

मिति:- २०८१/१०/२४ गते ।

नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
प्रहरी महानिरीक्षकको सचिवालय

फोन : ०१-४७१४८०२, ०१-४७१४८०३
Ext. : ०१-४७४९१४००, १११, ११२

पो.ब.नं. ४०७
नक्साल, काठमाडौं

पत्र संख्या : १-०१-२५ (०८१/०८२) च.नं.:- ११२१

प्रा.प.सं. :

मिति२०८१।१०।०९ गते

ने.सं. ११४५

विषय समिति गठन गरिएको सम्बन्धमा।

प्र.ना.म.नि. श्री अरुण पौडेल,
नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग।

उपर्युक्त विषयमा नेपाल प्रहरीको केनाईन सेवातर्फ सेवारत प्रहरी कुकुर (K-9) हरुको सङ्ख्या निर्धारण, सेवा प्रवेश तथा सेवा मुक्त गर्ने प्रयोजनको लागि तयार गरिएको " **"प्रहरी कुकुर (K-9) हरुको विषयगत सङ्ख्या निर्धारण, सेवा प्रवेश तथा सेवा मुक्त सम्बन्धी कार्यनिर्देशन - २०८०"** स्वीकृत भई कार्यान्वयनमा रहेकोमा हाल उक्त कार्य निर्देशनमा रहेका कतिपय विषयवस्तु, प्रावधान तथा अनुसूचीहरूमा आवश्यकता अनुसार हेरफेर एवम् थप गर्नुपर्ने देखिएकोले उक्त कार्य निर्देशनलाई समयसापेक्ष परिमार्जन गरी पेश गर्न तपाईको संयोजकत्वमा निम्न सदस्य रहेको समिति गठन गरिएको छ। तोकिएको जिम्मेवारी यथाशीघ्र सम्पन्न गरी प्रतिवेदन पेश गर्नुहुन अनुरोध गरिएको छ।

निम्नः

| | | | | |
|---|---|---|---|---|
| १. | प्र.उ. | डा. रामचन्द्र सत्याल | नेपाल प्रहरी केनाईन कार्यालय, महाराजगंज | - सदस्य |
| २. | प्र.ना.उ. | श्री कमल बेल्वासे | ने.प्र.प्र.का. अन्वेषण योजना तथा विकास निर्देशनालय | - सदस्य |
| ३. | प्र.ना.उ. | डा. चेत नारायण ज्ञवाली | नेपाल प्रहरी केनाईन कार्यालय, महाराजगंज | - सदस्य सचिव |
| ४. | प्र.ना.उ. | श्री लक्ष्मण ओली | ने.प्र.प्र.का. बजेट शाखा | - सदस्य |
| ५. | प्र.ना.उ. | श्री रुक बहादुर खड्का | ने.प्र.प्र.का. कानून शाखा | - सदस्य |

प्रहरी महानिरीक्षक
(बसन्त बहादुर कुँवर)

बोधार्थ:
श्री नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान, प्रशासन विभाग।
श्री नेपाल प्रहरी प्रधान कार्यालय, अन्वेषण योजना तथा विकास निर्देशनालय।
श्री नेपाल प्रहरी प्रधान कार्यालय, कानून, बजेट शाखा।
श्री नेपाल प्रहरी केनाईन कार्यालय, महाराजगंज।

# विषयसूची


| क्र.सं. | विषयवस्तु | पाना नं. |
|---|---|---|
| १. | **प्रस्तावना** | १ |
| २. | **परिच्छेद -१ (प्रारम्भिक)** | १-२ |
| | १. संक्षिप्त नाम र प्रारम्भ | १ |
| | २. परिभाषा | १-२ |
| ३. | **परिच्छेद -२ (प्रहरी कुकुर (K-9) को विषयगत सङ्ख्या निर्धारण र कायम सम्बन्धी व्यवस्था)** | ३-७ |
| | ३. प्रहरी कुकुरको विषयगत सङ्ख्या निर्धारण र कायम | ३-६ |
| | ४. प्रहरी कुकुरको विषयगत सङ्ख्या थप | ६ |
| | ५. कुकुर वितरणमा बाधा परेको नमानिने | ७ |
| ४. | **परिच्छेद -३ (प्रहरी कुकुर (K-9) को सेवा प्रवेश सम्बन्धी व्यवस्था)** | ७-११ |
| | ६. प्रहरी सेवामा सेवा प्रवेश गराउने कुकुरको छनौट | ७ |
| | ७. दाता वा बिक्रीकर्ताले कुकुरको साथमा पेश गर्नुपर्ने कागजातहरु | ७-८ |
| | ८. प्रहरी कुकुरको सेवा प्रवेश र आम्दानी बाँध्ने प्रकृया | ८ |
| | ९. प्रहरी कुकुरको स्वास्थ्य परीक्षण समितिको गठन र काम कर्तव्य | ९ |
| | १०. प्रहरी कुकुरको सेवा प्रवेश तथा पशुपन्छी आहार (रासन) निकासा | १० |
| | ११. पशुपन्छी आहार (रासन) निकासा व्यवस्था समितिको गठन र काम कर्तव्य | ११ |
| | १२. प्रहरी कुकुरको लागि आवश्यक सामाग्री निकासा | ११ |
| ५. | **परिच्छेद -४ (प्रहरी कुकुर (K-9) को सेवामुक्त सम्बन्धी व्यवस्था)** | ११-१७ |
| | १३. प्रहरी कुकुरको कार्यक्षमता परीक्षण समितिको गठन र काम कर्तव्य | ११-१२ |
| | १४. निष्क्रिय प्रहरी कुकुर व्यवस्थापन समितिको गठन र काम कर्तव्य | १२-१३ |
| | १५. मूल्य निर्धारण समितिको गठन र काम कर्तव्य | १३-१४ |
| | १६. निष्क्रिय प्रहरी कुकुर वितरण व्यवस्थापन | १४-१५ |
| | १७. निष्क्रिय प्रहरी कुकुर वितरणको सूचना | १५ |
| | १८. निष्क्रिय प्रहरी कुकुर स्वीकार गर्न ईच्छुक व्यक्तिहरुको विवरण संकलन र छनौट | १५ |
| | १९. निष्क्रिय प्रहरी कुकुर वितरण तथा लगत कट्टा प्रकृया | १६ |
| | २०. दुर्घटनाबाट प्रहरी कुकुर घाईते वा मृत्यु भएमा हुने क्षतिपूर्ति | १६ |
| | २१. प्रहरी कुकुरको मृत्यु खाली, लगत कट्टा र पशुपन्छी आहार (रासन) कट्टा | १६-१७ |
| ६. | **परिच्छेद -५ (विविध)** | १७ |
| | २२. वितरण गरिने निष्क्रिय प्रहरी कुकुरको साथमा उपलब्ध गराईने सामाग्री | १७ |
| | २३. शर्तनामा | १७ |
| | २४. वितरण गरिने निष्क्रिय प्रहरी कुकुर ह्याण्डलिङ्ग सम्बन्धी जानकारी | १७ |
| | २५. बाधा अड्काउ फुकाउने अधिकार तथा संशोधन | १७ |
| ७. | **अनुसूची (खण्ड)हरु** | १८-५४ |
| | अनुसूची -१ (प्रहरी कुकुर(हरु)को विषयगत सङ्ख्या कायम गर्नु पर्ने विवरण) | १८ |
| | अनुसूची -२ (नेपाल प्रहरीले खरिद वा सहयोग स्वरुप प्राप्त गर्न सक्ने कुकुरका नश्लहरु) | १९ |

| | | |
|---|---|---|
| | अनुसूची -३ (दाताहरुले सहयोग स्वरुप कुकुर प्रदान गर्दाको सर्तनामा) | २० |
| | अनुसूची -४ (कुकुरको जन्मदर्ता प्रमाण-पत्र) | २१ |
| | अनुसूची -५ (Health Certificate तयार गर्दा समावेश गर्नुपर्ने न्युनतम विवरणहरु) | २२ |
| | अनुसूची -६ (सेवा प्रवेश गराउनु पर्ने कुकुरको स्वास्थ्य प्रमाण-पत्र) | २३ |
| | अनुसूची -७ (कुकुर हस्तान्तरण सम्बन्धी पत्र) | २४ |
| | अनुसूची -८ (परीक्षणकालमा सफल भएको प्रमाणीकरण) | २५ |
| | अनुसूची -९ (सेवा प्रवेशका लागि स्वास्थ्य परीक्षण समितिको प्रतिवेदन) | २६ |
| | अनुसूची -१० (पशुपन्छी आहार (रासन) निकासा व्यवस्था समितिको प्रतिवेदन) | २७ |
| | अनुसूची -११ (सेवा प्रवेशको निम्ति प्रबन्ध शाखाको पत्र) | २८ |
| | अनुसूची -१२ (प्रहरी कुकुर सेवा प्रवेशको लागि टिप्पणी र आदेश) | २९ |
| | अनुसूची -१३ (पशुपन्छी आहार (रासन) निकासा सम्बन्धी पत्र) | ३० |
| | अनुसूची -१४ (सेवा प्रवेश पश्चात प्रहरी कुकुरले प्राप्त गर्ने सेवा सुविधाहरु) | ३१ |
| | अनुसूची -१५ (Arms & Explosive र Drugs Detection Dog को मूल्याङ्कन फाराम) | ३२ |
| | अनुसूची -१६ (Search and Rescue Dog को मूल्याङ्कन फाराम) | ३३ |
| | अनुसूची -१७ (Tracker Dog को मूल्याङ्कन फाराम) | ३४ |
| | अनुसूची -१८ (स्वास्थ्य परीक्षण समितिको प्रतिवेदन) | ३५ |
| | अनुसूची -१९ (कार्यक्षमता परीक्षण समितिको प्रतिवेदन) | ३६ |
| | अनुसूची -२० (निष्क्रिय प्रहरी कुकुर प्रमाणीकरण) | ३७ |
| | अनुसूची -२१ (निष्क्रिय प्रहरी कुकुर व्यवस्थापन समितिको प्रतिवेदन) | ३८ |
| | अनुसूची -२२ (मूल्य निर्धारण समितिको प्रतिवेदन) | ३९ |
| | अनुसूची -२३ (निष्क्रिय प्रहरी कुकुर वितरण सम्बन्धी सूचना) | ४० |
| | अनुसूची -२४ (निष्क्रिय प्रहरी कुकुर स्वीकारको निवेदन) | ४१ |
| | अनुसूची -२५ (निर्धारित भन्दा कम मूल्य बोलकबोल भएमा वितरणको टिप्पणी र आदेश) | ४२ |
| | अनुसूची -२६ (निष्क्रिय प्रहरी कुकुर स्वीकारको सर्तनामा) | ४३ |
| | अनुसूची -२७ (निष्क्रिय प्रहरी कुकुर वितरण गरिएको जाहेरी) | ४४ |
| | अनुसूची -२८ (प्रहरी कुकुरको मत्यु सम्बन्धमा प्रहरी कर्मचारीको लिखित प्रतिवेदन) | ४५ |
| | अनुसूची -२९ (प्रहरी कुकुरको मृत्यु प्रमाण-पत्र) | ४६ |
| | अनुसूची -३० (घटनास्थल/लाश जाँच प्रकृति मुचुल्का) | ४७-४८ |
| | अनुसूची -३१ (प्रहरी कुकुरको Post Mortem परीक्षण प्रतिवेदन) | ४९ |
| | अनुसूची -३२ (प्रहरी कुकुर सेवामुक्तको निम्ति प्रबन्ध शाखाको पत्र) | ५० |
| | अनुसूची -३३ (मृतक प्रहरी कुकुर सेवामुक्तको निम्ति टिप्पणी र आदेश) | ५१ |
| | अनुसूची -३४ (हस्तान्तरण गरिएको प्रहरी कुकुर सेवामुक्तको निम्ति टिप्पणी र आदेश) | ५२ |
| | अनुसूची -३५ (पशुपन्छी आहार (रासन) तथा लगत कट्टा सम्बन्धी पत्र) | ५३ |
| | अनुसूची -३६ (प्रहरी कुकुरको लगत कट्टा गरिएको जाहेरी) | ५४ |


नेपाल सरकार गृह मन्त्रालय नेपाल प्रहरी प्रधान कार्यालय नक्साल

# प्रहरी कुकुर (K-9) हरुको विषयगत सङ्ख्या निर्धारण, सेवा प्रवेश तथा सेवामुक्त सम्बन्धी कार्यनिर्देशन -२०८०

प्रथम पटक स्वीकृत मिति: २०८०/०३/२६ गते।
पहिलो परिमार्जन: २०८१/१० /२४ गते।

## प्रस्तावना

नेपाल प्रहरी संगठनको सफल अपराध अनुसन्धान तथा सुरक्षा कार्यको लक्ष्यलाई प्रभावकारी रुपमा सम्पादन गर्ने उद्देश्य अनुरुप बि.सं. २०२६ सालदेखि तालिम प्राप्त प्रहरी कुकुरहरुको प्रयोग हुँदै आईरहेकोमा केनाईन कार्यालय/शाखा/उपशाखाहरुको लागी आवश्यकता अनुसार प्रहरी कुकुरहरुको विषयगत सङ्ख्या निर्धारण गर्ने, नयाँ कुकुरहरुलाई प्रहरी सेवामा सेवा प्रवेश गराउने र प्रभावकारी सेवा दिन असमर्थ तथा मृतक प्रहरी कुकुरहरुलाई प्रहरी सेवाबाट सेवामुक्त गर्ने कार्य कानूनी रुपमा व्यवस्थित तवरबाट सम्पादन गर्न नेपाल प्रहरी प्रधान कार्यालयबाट **"प्रहरी कुकुर (K-9) हरुको विषयगत सङ्ख्या निर्धारण, सेवा प्रवेश तथा सेवामुक्त सम्बन्धी कार्यनिर्देशन -२०८०"** जारी गरिएकोमा उक्त कार्यनिर्देशनमा संलग्न केही विषयवस्तु तथा प्रावधानहरुमा समयानुकुल परिमार्जन गर्नु जरुरी देखिएकोले आवश्यक परिमार्जन सहित **"प्रहरी कुकुर (K-9) हरुको विषयगत सङ्ख्या निर्धारण, सेवा प्रवेश तथा सेवामुक्त सम्बन्धी कार्यनिर्देशन -२०८०"** तयार गरिएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यनिर्देशनको नाम **"प्रहरी कुकुर (K-9) हरुको विषयगत सङ्ख्या निर्धारण, सेवा प्रवेश तथा सेवामुक्त सम्बन्धी कार्यनिर्देशन -२०८०"** रहेको छ।

(२) यो कार्यनिर्देशन प्रहरी महानिरीक्षकबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यनिर्देशनमा,**

(क) **"प्रहरी कुकुर/Police Dog/केनाईन/Canine (K-9)"** भन्नाले नेपाल प्रहरीको अपराध अनुसन्धान, सुरक्षा, खोजी तथा उद्धार लगायतका कार्यमा सहयोग पुर्‍याउने उद्देश्यका साथ प्रहरी सेवामा सेवा प्रवेश गराईएका कुकुर भन्ने सम्झनु पर्दछ।

(ख) **"बच्चा कुकुर/Puppy Dog"** भन्नाले प्रहरी सेवामा सेवा प्रवेश गराउने उद्देश्यले छनौट गरिएका (खरिद, आन्तरिक प्रजननबाट उत्पादन, दाताबाट प्राप्त) प्रहरी सेवामा सेवा प्रवेश गराउन बाँकी तथा सेवा प्रवेश भएका १ (एक) वर्षभन्दा कम उमेरका कुकुर भन्ने सम्झनु पर्दछ।

(ग) **"प्रहरी कुकुरको विषयगत सङ्ख्या"** भन्नाले केनाईन कार्यालय/शाखा/उपशाखाहरुबाट केनाईन सेवा प्रदान गर्ने उद्देश्यले (निश्चित रासन तथा सुविधा सहित) निर्धारण गरिएको विभिन्न विषयको प्रहरी कुकुरको सङ्ख्या भन्ने सम्झनु पर्दछ।

(घ) **"सेवा प्रवेश"** भन्नाले केनाईन कार्यालय/शाखा/उपशाखाहरुमा रिक्त रहेको/थप गरिएको प्रहरी कुकुरको सङ्ख्यामा नयाँ योग्य कुकुरद्वारा पूर्ति गर्ने कार्य भन्ने सम्झनु पर्दछ।

(ङ) **"निष्क्रिय प्रहरी कुकुर"** भन्नाले केनाईन कार्यालय/शाखा/उपशाखाहरुमा सेवारत तर स्वास्थ्य, कार्यक्षमता मूल्याङ्कन लगायत अन्य विभिन्न कारणहरुले प्रहरी सेवामा सकृय रुपमा थप सेवा दिन नसक्ने भनि प्रमाणिकरण गरिएको प्रहरी कुकुर भन्ने सम्झनु पर्दछ।

(च) **"सेवामुक्त"** भन्नाले केनाईन कार्यालय/शाखा/उपशाखाहरुमा निष्कृय प्रमाणिकरण भएका प्रहरी कुकुरलाई प्रहरी सेवाबाट हटाई पशुपन्छी आहार (रासन) तथा अन्य सुविधा र लगत कट्टा गर्ने कार्य भन्ने सम्झनु पर्दछ ।

(छ) **"विभाग"** भन्नाले नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग भन्ने सम्झनु पर्दछ ।

(ज) **"निर्देशनालय"** भन्नाले नेपाल प्रहरी प्रधान कार्यालय, आर्थिक प्रशासन तथा प्रबन्ध निर्देशनालय भन्ने सम्झनु पर्दछ ।

(झ) **"प्रदेश प्रहरी"** भन्नाले नेपाल प्रहरीको सातवटा प्रदेश अन्तर्गतका प्रदेश प्रहरी कार्यालयहरु भन्ने सम्झनु पर्दछ ।

(ञ) **"तालुक कार्यालय"** भन्नाले नेपाल प्रहरी केनाईन कार्यालयको हकमा नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग र प्रदेश प्रहरी केनाईन शाखा/उपशाखाहरुको हकमा प्रदेश प्रहरी कार्यालय भन्ने सम्झनु पर्दछ ।

(ट) **"केनाईन कार्यालय/शाखा/उपशाखाहरु"** भन्नाले नेपाल प्रहरी केनाईन कार्यालय, प्रत्यक्ष मातहतका केनाईन शाखा/उपशाखाहरु (अन्तराष्ट्रिय विमानस्थल केनाईन शाखाहरु लगायत) र प्रदेश प्रहरी कार्यालय मातहतका केनाईन शाखा/उपशाखाहरु सहितका नेपाल प्रहरीका सम्पूर्ण केनाईन सेवा प्रदायक ईकाईहरु भन्ने सम्झनु पर्दछ ।

(ठ) **"ह्याण्डलर/Handler/**परिचारक/परिचालक**"** भन्नाले कुकुरको दैनिक रेखदेख, प्रशिक्षण र डिउटीमा परिचालन गर्ने व्यक्ति भन्ने सम्झनु पर्दछ ।

(ड) **"ट्र्याकर कुकुर (Tracker Dog/Canine)"** भन्नाले चोरी, हत्या, अपहरण जस्ता आपराधिक घटनाको अनुसन्धान कार्यमा प्रयोग हुने तालिम प्राप्त प्रहरी कुकुर भन्ने सम्झनु पर्दछ ।

(ढ) **"खोजी तथा उद्धार कुकुर (Search and Rescue Dog/Canine)"** भन्नाले विभिन्न किसिमका प्रकोप, आपराधिक घटनाहरु तथा अन्य कारणबाट हराईरहेका मानिसहरुको खोजी (मानिस हुन सक्ने सम्भावित स्थान पत्ता लगाउने) कार्यमा प्रयोग हुने तालिम प्राप्त प्रहरी कुकुर भन्ने सम्झनु पर्दछ ।

(ण) **"विष्फोटक पदार्थ खोजी एवं पहिचान कुकुर (Explosive Dog/Canine)"** भन्नाले सुरक्षा कार्य तथा अवैध रुपमा प्रयोग भएको/हुन सक्ने विष्फोटक पदार्थ पत्ता लगाउने तालिम प्राप्त प्रहरी कुकुर भन्ने सम्झनु पर्दछ ।

(त) **"लागू औषध खोजी एवं पहिचान कुकुर (Drugs Dog/Canine)"** भन्नाले अवैध रुपमा हुने लागू औषधको भण्डारण, ओसार पसार तथा कारोबार रोक्ने कार्य अन्तर्गत लागू औषधको पहिचान तथा अनुसन्धान कार्यमा प्रयोग हुने तालिम प्राप्त प्रहरी कुकुर भन्ने सम्झनु पर्दछ ।

(थ) **"आज्ञापालन कुकुर (Obedience Dog/Canine)"** भन्नाले प्रहरी कुकुरहरुमा आवश्यक हुने अनुशासनको महत्वलाई दर्शाउने उद्देश्यले गरिने सामूहिक कला प्रदर्शनी, बाधापार लगायतका कार्यहरुमा प्रयोग हुने तालिम प्राप्त प्रहरी कुकुर भन्ने सम्झनु पर्दछ ।

(द) **"ब्रीडर कुकुर (Breeder Dog)"** भन्नाले नेपाल प्रहरीको केनाईन सेवामा आवश्यक पर्ने उच्च नश्लका बच्चा कुकुर आन्तरिक प्रजनन मार्फत उत्पादनको लागि प्रयोग गरिने विभिन्न जातका भाले तथा पोथी कुकुर भन्ने सम्झनु पर्दछ ।

(ध) **"पशु चिकित्सक"** भन्नाले नेपाल प्रहरी/प्रदेश प्रहरीको केनाईन सेवातर्फ कार्यरत पशु चिकित्सक वा पशु स्वास्थ्य/पशु सेवा क्षेत्रमा कार्यरत पशु चिकित्सा परिषद्मा दर्तावाल पशु चिकित्सक र विदेशको हकमा सम्बन्धित राष्ट्रको पशु चिकित्सा परिषद्मा दर्तावाल पशु चिकित्सक भन्ने सम्झनु पर्दछ ।

## परिच्छेद -२

## प्रहरी कुकुर (K-9) हरुको विषयगत सङ्ख्या निर्धारण र कायम सम्बन्धी व्यवस्था

३. **प्रहरी कुकुरको विषयगत सङ्ख्या निर्धारण र कायम:** नेपाल प्रहरी प्रधान कार्यालय तथा प्रदेश प्रहरी कार्यालय मातहतका केनाईन कार्यालय/शाखा/उपशाखाहरुमा सेवारत प्रहरी कुकुरको सङ्ख्यालाई पहिलो आधार मानि देहाय बमोजिम प्रहरी कुकुरको विषयगत सङ्ख्या निर्धारण गरिनेछ:

(१) नेपाल प्रहरी केनाईन कार्यालयमा प्रयोग भईरहेका विभिन्न विषयका प्रहरी कुकुरहरुको हकमा तत्काल सेवारत विषयगत प्रहरी कुकुरहरुको सङ्ख्यामा आवश्यकता अनुसार थप गरी कम्तिमा देहाय बमोजिम विषयगत सङ्ख्या निर्धारण र कायम गरिनेछः

| क्र.सं. | विवरण | विषयगत सङ्ख्या |
|---|---|---|
| १. | अपराधीको खोजी एवं पहिचान कुकुर (Tracker Dog) | ८ (आठ) वटा |
| २. | विष्फोटक पदार्थ खोजी एवं पहिचान कुकुर (Explosives Dog) | २५ (पच्चीस) वटा |
| ३. | लागू औषध खोजी एवं पहिचान कुकुर (Drugs Dog) | १० (दश) वटा |
| ४. | खोजी तथा उद्धार कुकुर (Search and Rescue Dog) | ८ (आठ) वटा |
| ५. | आज्ञापालन कुकुर (Obedience Dog) | ९ (नौ) वटा |
| ६. | ब्रीडर कुकुर (Breeder Dog) | १८ (अठार) वटा |
| | कुल जम्मा | ७८ (अठहत्तर) वटा |

(२) **बूँदा नं. ३.१** को तालिकामा उल्लेखित केनाईनको विषयगत सङ्ख्याले प्रहरी सेवामा सेवा प्रवेश पश्चात सम्बन्धित विषयको तालिमरत वा तालिम प्राप्त सम्पूर्ण प्रहरी कुकुरहरुलाई समेट्ने छ भने प्रहरी सेवामा सेवा प्रवेश नभएका कुनैपनि कुकुरलाई समेट्ने छैन।

(३) अन्तराष्ट्रिय विमानस्थल केनाईन शाखाहरुमा प्रयोग भईरहेका विभिन्न विषयका प्रहरी कुकुरहरुको हकमा तत्काल सेवारत प्रहरी कुकुरहरुको सङ्ख्यामा आवश्यकता अनुसार थप गरी कम्तिमा देहाय बमोजिम प्रहरी कुकुरको विषयगत सङ्ख्या निर्धारण र कायम गरिनेछ:

(क)त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल सुरक्षा कार्यालय केनाईन शाखा, गौचर।

| क्र.सं. | विवरण | विषयगत सङ्ख्या |
|---|---|---|
| १. | विष्फोटक पदार्थ खोजी एवं पहिचान कुकुर (Explosives Dog) | ७ (सात) वटा |
| २. | लागू औषध खोजी एवं पहिचान कुकुर (Drugs Dog) | ७ (सात) वटा |
| | कुल जम्मा | १४ (चौध) वटा |

(ख)पोखरा अन्तराष्ट्रिय विमानस्थल सुरक्षा कार्यालय केनाईन शाखा, पोखरा।

| क्र.सं. | विवरण | विषयगत सङ्ख्या |
|---|---|---|
| १. | विष्फोटक पदार्थ खोजी एवं पहिचान कुकुर (Explosives Dog) | ४ (चार) वटा |
| २. | लागू औषध खोजी एवं पहिचान कुकुर (Drugs Dog) | ४ (चार) वटा |
| | कुल जम्मा | ८ (आठ) वटा |

(ग) गौतमबुद्ध अन्तराष्ट्रिय विमानस्थल सुरक्षा कार्यालय केनाईन शाखा, भैरहवा।

| क्र.सं. | विवरण | विषयगत सङ्ख्या |
|---|---|---|
| १. | विष्फोटक पदार्थ खोजी एवं पहिचान कुकुर (Explosives Dog) | ५ (पाँच) वटा |
| २. | लागू औषध खोजी एवं पहिचान कुकुर (Drugs Dog) | ५ (पाँच) वटा |
| ३. | अपराधीको खोजी एवं पहिचान कुकुर (Tracker Dog) | २ (दुई) वटा |
| ४. | खोजी तथा उद्धार कुकुर (Search and Rescue Dog) | २ (दुई) वटा |
| कुल जम्मा | | १४ (चौध) वटा |

(घ) प्रदेश प्रहरी कार्यालय मातहत प्रदेश प्रहरी केनाईन शाखा/उपशाखाहरुमा प्रयोग भईरहेका विभिन्न विषयका प्रहरी कुकुरहरुको हकमा तत्काल सेवारत प्रहरी कुकुरहरुको सङ्ख्यामा आवश्यकता अनुसार थप गरी प्रत्येक प्रदेश प्रहरी केनाईन शाखा/उपशाखाहरुमा कम्तिमा देहाय बमोजिम प्रहरी कुकुरको विषयगत सङ्ख्या निर्धारण र कायम गरिनेछ:

| क्र.सं. | विवरण | विषयगत सङ्ख्या |
|---|---|---|
| १. | विष्फोटक पदार्थ खोजी एवं पहिचान कुकुर (Explosives Dog) | ५ (पाँच) वटा |
| २. | लागू औषध खोजी एवं पहिचान कुकुर (Drugs Dog) | ५ (पाँच) वटा |
| ३. | अपराधीको खोजी एवं पहिचान कुकुर (Tracker Dog) | ३ (तीन) वटा |
| ४. | खोजी तथा उद्धार कुकुर (Search and Rescue Dog) | ३ (तीन) वटा |
| कुल जम्मा | | १६ (सोह्र) वटा |

सातै वटा प्रदेश प्रहरी केनाईन शाखा/उपशाखाहरुमा हरेक केनाईन शाखा/उपशाखाहरुमा १६ वटाका दरले (१६×७) जम्मा ११२ (एक सय बाह्र) वटा प्रहरी कुकुर (K-9) को विषयगत सङ्ख्या रहनेछ।

(ङ) प्रदेश प्रहरी कार्यालय मातहतका विमानस्थलहरु तथा सिमानाकाहरुमा प्रयोग हुने विभिन्न विषयका प्रहरी कुकुरहरुको हकमा तत्काल सेवारत प्रहरी कुकुरहरुको सङ्ख्यामा आवश्यकता अनुसार थप गरी प्रत्येक शाखा/उपशाखाहरुमा कम्तिमा देहाय बमोजिम प्रहरी कुकुरको विषयगत सङ्ख्या निर्धारण र कायम गरिनेछ:

(अ) विमानस्थल सुरक्षा गार्ड केनाईन उपशाखा, बिराटनगर।

| क्र.सं. | विवरण | विषयगत सङ्ख्या |
|---|---|---|
| १. | वि.प. खोजी एवं पहिचान कुकुर (Explosives Dog) | ४ (चार) वटा |
| २. | लागू औषध खोजी एवं पहिचान कुकुर (Drugs Dog) | ४ (चार) वटा |
| ३. | अपराधीको खोजी एवं पहिचान कुकुर (Tracker Dog) | २ (दुई) वटा |
| ४. | खोजी तथा उद्धार कुकुर (Search and Rescue Dog) | २ (दुई) वटा |
| कुल जम्मा | | १२ (बाह्र) वटा |

(आ) विमानस्थल सुरक्षा गार्ड केनाईन उपशाखा, जनकपुर ।

| क्र.सं. | विवरण | विषयगत सङ्ख्या |
|---|---|---|
| १. | वि.प. खोजी एवं पहिचान कुकुर (Explosives Dog) | ४ (चार) वटा |
| २. | लागू औषध खोजी एवं पहिचान कुकुर (Drugs Dog) | ४ (चार) वटा |
| कुल जम्मा | | ८ (आठ) वटा |

(इ) मधेश प्रदेश प्रहरी विपद व्यवस्थापन गुल्म केनाईन उपशाखा, बिरगंज ।

| क्र.सं. | विवरण | विषयगत सङ्ख्या |
|---|---|---|
| १. | वि.प. खोजी एवं पहिचान कुकुर (Explosives Dog) | ३ (तीन) वटा |
| २. | लागू औषध खोजी एवं पहिचान कुकुर (Drugs Dog) | ३ (तीन) वटा |
| ३. | अपराधीको खोजी एवं पहिचान कुकुर (Tracker Dog) | २ (दुई) वटा |
| ४. | खोजी तथा उद्धार कुकुर (Search and Rescue Dog) | २ (दुई) वटा |
| कुल जम्मा | | १० (दश) वटा |

(च) केनाईन कार्यालय/शाखा/उपशाखाहरुका निम्ति आवश्यक विषयगत डिउटी परिचालन, आज्ञापालन प्रदर्शनी तथा प्रजनन कार्य समेतमा प्रयोग हुने प्रहरी कुकुरहरुको विषयगत सङ्ख्या निर्धारण गर्न आवश्यक प्रहरी कुकुरहरुको विषयगत सङ्ख्यात्मक विवरण **"अनुसूची -१"** मा तोकिए बमोजिम हुनेछ ।

(४) प्रजनन समूह: (१) नेपाल प्रहरीको लागि उन्नत नश्लका बच्चा कुकुर(हरु) को खरिद कार्य देशभित्रबाट गर्न जटिल र प्राविधिक (बच्चा कुकुरको उमेर, स्वास्थ्य र जातिय शुद्धता) रुपले समेत प्रतिकुल भएकाले ब्रीडर कुकुर खरिद गरी बच्चा कुकुर (Puppy Dog) उत्पादन गर्नुका साथै केनाईन कार्यालय/शाखा/उपशाखाहरुमा आवश्यकता अनुसार प्रहरी कुकुर बदली समेत गराउन केनाईन प्रजनन (Breeding) समूह स्थापना गरिनु वाञ्छनीय देखिन्छ । प्रजनन समूहमा देहाय बमोजिमका उन्नत जातका ब्रीडर कुकुरको सङ्ख्या निर्धारण र कायम गरिनेछ:

| क्र.सं. | ब्रीडर कुकुरको जात/नश्ल | लिङ्ग | विषयगत सङ्ख्या |
|---|---|---|---|
| १. | जर्मन शेफर्ड/अल्सेशन | भाले | १ (एक) वटा |
| २. | जर्मन शेफर्ड/अल्सेशन | पोथी | २ (दुई) वटा |
| ३. | ल्याब्राडोर रिट्रिभर | भाले | १ (एक) वटा |
| ४. | ल्याब्राडोर रिट्रिभर | पोथी | २ (दुई) वटा |
| ५. | गोल्डेन रिट्रीभर | भाले | १ (एक) वटा |
| ६. | गोल्डेन रिट्रीभर | पोथी | २ (दुई) वटा |
| ७. | बिगल | भाले/पोथी | १/१ (एक/एक) वटा |
| ८. | बेल्जियन मेलिनोईज | भाले | १ (एक) वटा |
| ९. | बेल्जियन मेलिनोईज | पोथी | २ (दुई) वटा |
| १०. | डच शेफर्ड | भाले/पोथी | १/१ (एक/एक) वटा |
| ११. | कोकर स्पानियल | भाले/पोथी | १/१ (एक/एक) वटा |
| कुल जम्मा | | | १८ (अठार) वटा |

(२) ब्रीडर कुकुर मार्फत आन्तरिक रुपमा प्रजनन गरी उत्पादन गरिएका बच्चा कुकुर(हरु)लाई केनाईन कार्यालय/शाखा/उपशाखाहरुमा सेवामुक्त गरिएका कुकुरको स्थानमा बदली गरी पुर्ती गर्नको लागि आवश्यक प्रकृया पुरा गर्नु पर्नेछ।

(३) प्रजनन समूहमा कुकुरको सङ्ख्या निर्धारण र कायम भए पश्चात आवश्यक भौतिक पूर्वाधार निर्माण गरी ब्रीडर कुकुरलाई अलग्गै स्थानमा राखी बच्चा कुकुर उत्पादन गरिनेछ।

४. **प्रहरी कुकुरको विषयगत सङ्ख्या थप:** (१) डिउटी चाप, नयाँ शाखा स्थापना (नेपाल सरकार, प्रदेश सरकार, तालुक नेपाल प्रहरी प्रधान कार्यालय, प्रदेश प्रहरी कार्यालयको आदेश बमोजिम) तथा अन्य विविध कारणहरुबाट संघीय/केन्द्रीय र प्रदेश स्तरमा तत्काल कायम प्रहरी कुकुरहरुको विषयगत सङ्ख्यामा थप गर्न आवश्यक ठानेमा थप गर्नु पर्नाको औचित्य पुस्ट्याँई सहितको प्रतिवेदन तालुक कार्यालयमा पेश गरी आवश्यकता अनुसार विषयगत सङ्ख्या थप गर्नको लागि संघीय/केन्द्रीय र प्रदेश स्तरमा देहाय बमोजिमको **"प्रहरी कुकुरको विषयगत सङ्ख्या निर्धारण समिति"** गठन गरिनेछः

(क) संघीय/केन्द्रीय स्तरमा आवश्यकता अनुसार प्रहरी कुकुरको विषयगत सङ्ख्या निर्धारण तथा थप गर्नको निम्ति तालुक कार्यालयले देहाय बमोजिमको समिति गठन गर्नेछः

| | | |
|---|---|---|
| १. | नेपाल प्रहरी केनाईन कार्यालय प्रमुख | अध्यक्ष |
| २. | नेपाल प्रहरी प्रधान कार्यालय, प्रबन्ध शाखा | सदस्य |
| ३. | नेपाल प्रहरी प्रधान कार्यालय, बजेट शाखा | सदस्य |
| ४. | नेपाल प्रहरी प्रधान कार्यालय, अ.अ.विभाग, अन्वेषण तथा योजना शाखा | सदस्य |
| ५. | नेपाल प्रहरी केनाईन कार्यालय, आ.प्र. शाखा प्रमुख | सदस्य |

(ख) प्रदेश स्तरमा रहेका केनाईन शाखा/उपशाखाहरुमा आवश्यकता अनुसार कुकुरको विषयगत सङ्ख्या निर्धारण तथा थप गर्नको निम्ति तालुक कार्यालयले देहाय बमोजिमको समिति गठन गर्नेछः

| | | |
|---|---|---|
| १. | प्रदेश प्रहरी कार्यालय, प्रशासन शाखा प्रमुख | अध्यक्ष |
| २. | प्रदेश प्रहरी कार्यालय, आर्थिक प्रशासन शाखा (सि.प्र.अ.) | सदस्य |
| ३. | प्रदेश प्रहरी कार्यालय, अन्वेषण तथा योजना शाखा (सि.प्र.अ.) | सदस्य |
| ४. | प्रदेश प्रहरी कार्यालय, प्रबन्ध शाखा | सदस्य |
| ५. | प्रदेश प्रहरी कार्यालय केनाईन शाखा/उपशाखा प्रमुख | सदस्य |

(२) **"प्रहरी कुकुरको विषयगत सङ्ख्या निर्धारण समिति"** को काम र कर्तव्य देहाय बमोजिम हुनेछ:

(क) केनाईन कार्यालय/शाखा/उपशाखाहरुको स्तरोन्नतिको क्रममा तथा तत्कालको आवश्यकता अनुसार कुनै नयाँ स्थानमा शाखा/उपशाखाहरु स्थापना गर्नु पर्ने अवस्थामा प्रहरी कुकुरको आवश्यक विषयगत सङ्ख्या थप गर्नु पर्नाको औचित्य पुस्ट्याँई सहितको प्रतिवेदन तालुक/सम्बन्धित कार्यालयमा पेश गर्ने।

(३) प्रतिवेदन प्राप्त भए पश्चात तालुक कार्यालयले उपयुक्त ठानेमा थप हुने प्रहरी कुकुरहरुको विषयगत सङ्ख्या स्वीकृत गर्न सक्नेछ।

(४) प्रहरी कुकुरहरुको विषयगत सङ्ख्या थप सम्बन्धमा तालुक कार्यालयबाट स्वीकृत भए पश्चात विषयगत सङ्ख्या अनुसारको बच्चा कुकुर पुर्ति गरी सेवा प्रवेश गराउने प्रकृया तोकिए बमोजिम हुनेछ।

५. **कुकुर वितरणमा वाधा परेको नमानिनेः** प्रशिक्षण, परिचालन र प्रजनन सम्बन्धी क्षेत्रमा विषयगत सङ्ख्या कायम भई बच्चा कुकुर पूर्ती भए पश्चात् प्रहरी कुकुर(हरु)लाई केनाईन कार्यालय/शाखा/उपशाखाहरुमा आवश्यकता अनुसार वितरण गर्न बाधा परेको मानिने छैन।

## परिच्छेद -३
## प्रहरी कुकुर (K-9) को सेवा प्रवेश सम्बन्धी व्यवस्था

६. **प्रहरी सेवामा सेवा प्रवेश गराउने कुकुरको छनौटः** (१) कुनै पनि कारणबाट प्रभावकारी रुपमा डिउटी सम्पादन गर्न नसक्ने प्रहरी कुकुरको बदलीको लागि, मृत्यु भएका प्रहरी कुकुरहरुको स्थानमा र केनाईन कार्यालय/शाखा/उपशाखाहरुको आवश्यकता अनुसार विषयगत प्रहरी कुकुरको सङ्ख्यामा थप गराउन जरुरी देखिएमा औचित्य पुस्ट्याँई सहित नयाँ कुकुरलाई सेवा प्रवेश गराउन सकिनेछ।

(२) नेपाल प्रहरीको केनाईन सेवाका लागि मुख्य गरी सुँघ्ने क्षमता उच्च भएका **"अनुसूची -२"** बमोजिमका उच्च नश्लका कुकुर(हरु) छनौट गर्नु पर्नेछ।

(३) सेवा प्रवेश गराउने कुकुरको छनौटको आधारहरु देहाय बमोजिम हुनेछन्:

(क) नश्ल अनुसारको गुण, विशेषता मेल खाएको,

(ख) उमेर कम्तिमा ३ महिना देखि अधिकतम १२ महिनासम्म भएको,

(ग) खरिद प्रकृयाको लागि तयार गरिएको प्राविधिक स्पेशिफिकेसन (Technical Specification) बमोजिमको मापदण्डसँग मेल खाएको।

७. **दाता वा विक्रीकर्ताले कुकुरसँग पेश गर्नुपर्ने कागजातहरुः** तालुक कार्यालय, निर्देशनालय, प्रदेश प्रहरी कार्यालय तथा नेपाल प्रहरी केनाईन कार्यालयबाट सार्वजनिक खरिद ऐन, २०६४ र सार्वजनिक खरिद नियमावली, २०६५ (संशोधन सहित) बमोजिम उच्च नश्लको कुकुरको खरिद प्रकृया सञ्चालन गर्दा विक्रीकर्ताले कुकुरको साथमा देहाय बमोजिमको कागजात पेश गर्नु पर्नेछ:

**(१) नेपालमै खरिद गरिने/दाताहरुबाट सहयोग स्वरुप प्राप्त हुने कुकुरको हकमा**

(क) पशु चिकित्सकद्वारा प्रमाणीत कुकुरको निरोगिताको प्रमाणपत्र,

(ख) कुकुरको रगत परीक्षण (CBC, LFT, KFT) र आवश्यकता अनुसार Chest एवं Pelvis X-Ray को प्रतिवेदन,

(ग) उमेर अनुसारको आवश्यक सम्पूर्ण खोप तथा जुका विरुद्धको औषधि प्रयोग गरिएको प्रमाणित अभिलेख,

(घ) कुकुरको जन्ममिति पुष्टि गर्ने आधिकारिक कागजात,

(ङ) कुनै दातृ निकाय, संघ संस्था वा दाताहरुबाट सहयोग स्वरुप प्राप्त हुने कुकुर(हरु)को हकमा **"अनुसूची -३"** बमोजिमको सर्तनामा (मञ्जुरीनामा)।

**(२) विदेशबाट खरिद गरिने कुकुरको हकमा**

(क) सम्बन्धित राष्ट्रको पशु चिकित्सा परिषद्मा दर्तावाल पशु चिकित्सकबाट प्रमाणित कुकुरको निरोगिताको प्रमाणपत्र।

(ख) कुकुरको पेडिग्री (तीन पुस्ते) अभिलेख।

(ग) कुकुरको रगत परीक्षण (CBC, LFT, KFT) र आवश्यकता अनुसार Chest एवं Pelvis X-Ray को प्रतिवेदन।

(घ) उमेर अनुसारको आवश्यक सम्पूर्ण खोप तथा जुका विरुद्धको औषधि प्रयोग गरिएको प्रमाणित अभिलेख।

(ङ) कुकुरको जन्ममिति पुष्टि गर्ने आधिकारिक कागजात।

(च) **"अनुसूची -७"** बमोजिम हस्तान्तरण पत्र।

८. **प्रहरी कुकुरको सेवा प्रवेश र आम्दानी बाँध्ने प्रकृया:** (१) केनाईन कार्यालय/शाखा/उपशाखाहरुको लागि आवश्यक पर्ने (तालुक कार्यालय वा नेपाल प्रहरी केनाईन कार्यालयबाट खरिद गरिने, आन्तरिक प्रजननद्वारा उत्पादन गरिएका, कुनै दातृ निकाय, सहयोगी संघ/संस्था तथा दाता मार्फत सहयोग स्वरुप प्राप्त भएका बच्चा कुकुरहरुलाई सेवा प्रवेश गराउने र आम्दानी बाँध्ने प्रकृया देहाय बमोजिम हुनेछ:

(क) **परीक्षणकालमा रहने**:

(अ) आन्तरिक प्रजननद्वारा उत्पादन गरिएका बच्चा कुकुरहरुको हकमा जन्मेदेखी ३ महिना उमेरसम्मको अवधिलाई परीक्षणकाल मानिने छ र उक्त बच्चा कुकुरको रासन Puppy Dog सरह कायम गरिने छ।

(आ) खरिद वा दाताहरुबाट प्राप्त गरिएका बच्चा कुकुरहरुको हकमा प्रहरी सेवामा सेवा प्रवेश गराउनु पूर्व कम्तिमा ७ देखि १४ दिनसम्म परीक्षणकालमा राखिने छ।

(ख) **स्वास्थ्य प्रमाणपत्र पेश गर्नुपर्ने:**

(अ) परीक्षणकालमा सफल हुने बच्चा कुकुर(हरु)को पशु चिकित्सकद्वारा प्रमाणित Health/Soundness Certificate पेश गर्नु पर्दछ भने यस प्रमाण-पत्रमा कुकुरको नाम अङ्ग्रेजी र नेपाली दुबै माध्यममा स्पष्ट उल्लेख गरिएको हुनु पर्नेछ।

(आ) खरिद वा दाताहरुबाट प्राप्त गरिएका बच्चा कुकुरहरुको हकमा पशु-चिकित्सकबाट Health/Soundness Certificate प्रमाणित गर्दा **"अनुसूची -५"** मा उल्लेख गरिएको हुनु पर्नेछ भने पशु-चिकित्सकले प्रमाणित गर्ने Health/Soundness Certificate को नमुना **"अनुसूची -६"** मा तोकिए बमोजिम हुनेछ।

(ग) **टिप्पणी र आदेश सम्बन्धी पत्र पेश गर्नुपर्ने:** स्वास्थ्य परीक्षण समितिबाट स्वीकृत कुकुरको सेवा प्रवेश तथा पशुपन्छी आहार (रासन) निकासाको लागि सम्बन्धित कार्यालय/शाखा/उपशाखाको प्रबन्ध शाखाले **"अनुसूची -११"** बमोजिमको पत्रसाथ आवश्यक कागजात आर्थिक प्रशासन शाखामा पेश गर्नु पर्नेछ भने आर्थिक प्रशासन शाखाले **"अनुसूची -१२"** बमोजिमको टिप्पणी र आदेश सदरको लागि तालुक कार्यालयमा पेश गर्नु पर्नेछ।

(घ) **सम्बन्धित कार्यालय प्रमुखबाट स्वीकृति:** तालुक कार्यालय प्रमुखबाट टिप्पणी र आदेश सदर भए पश्चात उक्त टिप्पणी र आदेशमा उल्लेख भएका कुकुरलाई आधिकारिक रुपमा प्रहरी सेवामा सेवा प्रवेश भएको प्रहरी कुकुर मानिनेछ।

९. **स्वास्थ्य परीक्षण समितिको गठन र काम कर्तव्य:** (१) केनाईन कार्यालय/शाखा/उपशाखाहरुको लागि आवश्यक पर्ने (तालुक कार्यालय वा नेपाल प्रहरी केनाईन कार्यालयबाट खरिद गरिएका, दाता मार्फत सहयोग स्वरुप प्राप्त भएका वा आन्तरिक प्रजनन मार्फत उत्पादन गरिएका) उन्नत जातका बच्चा कुकुर(हरु)लाई सेवा प्रवेश गराउन उपयुक्त भए/नभएको चेकजाँच गरी राय सुझाव सहितको प्रतिवेदन पेश गर्न र उमेर, विभिन्न रोग तथा दुर्घटनाका कारण शारीरिक रुपमा अशक्त भई वा अन्य कारणबाट प्रहरी सेवामा प्रभावकारी सेवा दिन नसक्ने (डिउटी परिचालन गर्न नसकिने) प्रहरी कुकुरहरुलाई निष्क्रिय प्रहरी कुकुरको रुपमा प्रमाणीकरण गराउने कार्यको निम्ति प्रहरी कुकुरहरुको आवश्यक स्वास्थ्य परीक्षण गराउन संघीय/केन्द्रीय र प्रदेश स्तरमा देहाय बमोजिमको **"स्वास्थ्य परीक्षण समिति"** को गठन गरिनेछ।

(क) संघीय/केन्द्रीय स्तरमा तालुक कार्यालयले देहाय बमोजिमको समिति गठन गर्नेछः

| | | |
|---|---|---|
| १. | पशु चिकित्सक | अध्यक्ष |
| २. | नेपाल प्रहरी केनाईन कार्यालय/मातहत शाखामा कार्यरत सि.प्र.अ./जु.प्र.अ. (भेटेरिनरी तर्फ) | सदस्य |
| ३. | नेपाल प्रहरी केनाईन कार्यालयमा कार्यरत केनाईन ह्याण्डलर (प्र.व.ह. देखि प्र.ज.) | सदस्य |

(ख) प्रदेश स्तरमा तालुक कार्यालयले देहाय बमोजिमकोको समिति गठन गर्नेछः

| | | |
|---|---|---|
| १. | पशु चिकित्सक | अध्यक्ष |
| २. | प्रदेश प्रहरी कार्यालयमा कार्यरत (सि.प्र.अ./जु.प्र.अ.) | सदस्य |
| ३. | प्रदेश प्रहरी केनाईन शाखा/उपशाखाहरुमा कार्यरत (जु.प्र.अ. देखि प्र.ज.) | सदस्य |

(२) **"स्वास्थ्य परीक्षण समिति"** को काम र कर्तव्य देहाय बमोजिम हुनेछ:

(क) **सेवा प्रवेश प्रयोजनको लागि**

(अ) केनाईन सेवामा सेवा प्रवेश गराउनु पर्ने बच्चा कुकुर(हरु)को पशु चिकित्सकबाट प्राप्त स्वास्थ्य प्रतिवेदन र पेडिग्री अभिलेख तथा सक्रियता (Activeness), सतर्कता (Alertness), पुनःप्राप्ति (Retrieving), चंचलता (Playfulness), ईनाम (Reward) प्रतिक्रिया (Response) आदिको अवलोकन एवं परीक्षण गर्ने,

(आ) अवलोकन एवं परीक्षणबाट प्राप्त नतिजाको आधारमा सेवा प्रवेश गराउन योग्य छ/छैन भनि **"अनुसूची -९"** बमोजिमको प्रतिवेदन पेश गर्ने।

(ख) **निष्क्रिय कुकुर छनौट एवं वर्गीकरण प्रयोजनको लागि**

(अ) केनाईन सेवामा सेवारत स्वस्थ तथा विभिन्न रोग, दुर्घटना लगायतका कारण शारीरिक रुपमा अशक्त भएका प्रहरी कुकुर(हरु)को आवश्यकता अनुसार स्वास्थ्य परीक्षण गर्ने,

(आ) सक्रियता (Activeness), सतर्कता (Alertness), पुनःप्राप्ति (Retrieving), चंचलता (Playfulness), ईनाम (Reward), प्रतिक्रिया (Response) आदिको आवश्यकता अनुसार अवलोकन एवं परीक्षण गरी थप सेवा दिन असमर्थ भएमा निष्क्रिय प्रहरी कुकुर प्रमाणीकरण तथा उचित व्यवस्थापनको लागि "**निष्क्रिय प्रहरी कुकुर (K-9) व्यवस्थापन समिति**" समक्ष **"अनुसूची -१८"** बमोजिमको प्रतिवेदन पेश गर्ने।

**१०. प्रहरी कुकुरको सेवा प्रवेश तथा पशुपन्छी आहार (रासन) निकासा:** (१) **"स्वास्थ्य परीक्षण समिति"** वा आवश्यकता अनुसार **"प्रहरी कुकुर (K-9) कार्यक्षमता परीक्षण समिति"** ले प्रहरी सेवाको लागि उपयुक्त भनि प्रमाणीकरण गरेको कुकुरलाई प्रहरीमा सेवा प्रवेश गराई पशुपन्छी आहार (रासन) निकासाको निम्ति नेपाल प्रहरी केनाईन कार्यालय/प्रदेश प्रहरी कार्यालयको आर्थिक प्रशासन शाखाद्वारा तयार गरिएको कुकुरको सेवा प्रवेश तथा पशुपन्छी आहार (रासन) निकासा सम्बन्धी **"अनुसूची -१२"** बमोजिमको टिप्पणी र आदेश तथा **"अनुसूची -१३"** बमोजिमको आवश्यक पत्र तयार गरी टिप्पणी र आदेश सदरका निम्ति तालुक कार्यालय प्रमुख समक्ष पेश गर्नु पर्नेछ।

(२) **अनुसूची -१३"** बमोजिमको पत्र तथा **"अनुसूची -१२"** बमोजिमको टिप्पणी र आदेशको साथमा पशु चिकित्सकबाट प्रमाणित Soundness/Health Certificate र स्वास्थ्य परीक्षण समितिले प्रहरी सेवामा प्रवेश गराउनको लागि उपयुक्त छ भनि प्रमाणीकरण गरेको प्रतिवेदन संलग्न गर्नु पर्दछ।

(३) तालुक कार्यालय प्रमुखबाट टिप्पणी र आदेश सदर भए पश्चात औपचारिक रुपमा प्रहरी सेवामा सेवा प्रवेश भएको मानिनेछ।

(४) आन्तरिक प्रजननबाट उत्पादन गरिएका बच्चा कुकुरको हकमा **"अनुसूची -४"** बमोजिमको जन्मदर्ता प्रमाण-पत्र (Birth Certificate), दाताद्वारा उपलब्ध गराईएको कुकुरको हकमा **"अनुसूची -३"** बमोजिमको सर्तनामा र विक्रीकर्ताद्वारा हस्तान्तरण गरिएको कुकुरको हकमा **"अनुसूची -८"** बमोजिमको परीक्षणकालमा सफल भएको प्रमाणीकरण पत्र सम्बन्धित कार्यालय/शाखा/उपशाखालाई प्राप्त भए पश्चात सो कार्यालय/शाखा/उपशाखालाई पशुपन्छी आहार (रासन) खुवाउने र रासन खर्च सम्बन्धी आर्थिक लेखापढी गर्ने आधार प्राप्त हुनेछ।

(५) केनाईन कार्यालय/शाखा/उपशाखामा सेवारत प्रहरी कुकुर(हरु)को सङ्ख्या निर्धारण भई वार्षिक राशन खरिद टेन्डरको प्रकृया भए पश्चात कुकुरको सङ्ख्या थप गर्नुपर्ने आवश्यक भई आन्तरिक प्रजननबाट उत्पादन गरिएका बच्चा कुकुर(हरु)/दातामार्फत सहयोग स्वरुप प्राप्त भएका/नेपाल सरकार, प्रदेश सरकार, तालुक कार्यालयहरुबाट खरिद भएका तर पशुपन्छी आहार (रासन) निकासा नभएका बच्चा कुकुर(हरु)को हकमा पशुपन्छी आहार (रासन) व्यवस्थापनको लागि थप बजेट आवश्यक परेमा सम्बन्धित कार्यालय/शाखा/उपशाखामा गठित **"पशुपन्छी आहार (रासन) निकासा व्यवस्था समिति"**ले **"अनुसूची १०"** बमोजिम तयार पारेको प्रतिवेदन सम्बन्धित कार्यालयले तालुक कार्यालयमा पेश गर्नु पर्नेछ।

**११. पशुपन्छी आहार (रासन) निकासा व्यवस्था समितिको गठन र काम कर्तव्य:** (१) आन्तरिक प्रजननबाट उत्पादन, दातामार्फत सहयोग स्वरुप प्राप्त तथा खरिद भई प्रहरी सेवामा सेवा प्रवेश गराउनु उचित ठहरिएका तर वार्षिक राशन टेन्डरको क्रममा पशुपन्छी आहार (रासन) निकाशा नभएका कुकुर(हरु)लाई थप पशुपन्छी आहार (रासन) निकासा व्यवस्था प्रयोजनको लागि संघीय/केन्द्रीय र प्रदेश स्तरमा देहाय बमोजिमको **"पशुपन्छी आहार (रासन) निकासा व्यवस्था समिति"** गठन गरिनेछ।

(क) संघीय/केन्द्रीय स्तरमा तालुक कार्यालयले देहाय बमोजिमको समिति गठन गर्नेछ:

| | | |
|---|---|---|
| १. | नेपाल प्रहरी केनाईन कार्यालय प्रमुख | अध्यक्ष |
| २. | नेपाल प्रहरी प्रधान कार्यालय बजेट शाखा (सि.प्र.अ.) | सदस्य |
| ३. | नेपाल प्रहरी केनाईन कार्यालय, प्रबन्ध शाखा प्रमुख | सदस्य |
| ४. | नेपाल प्रहरी केनाईन कार्यालय, आ.प्र. शाखा प्रमुख | सदस्य |

(ख) प्रदेश स्तरमा तालुक कार्यालयले देहाय समिति गठन गर्नेछ:

| | | |
|---|---|---|
| १. | प्रदेश प्रहरी कार्यालय, प्रशासन शाखा प्रमुख | अध्यक्ष |
| २. | प्रदेश प्रहरी कार्यालय, प्रबन्ध शाखा प्रमुख | सदस्य |
| ३. | प्रदेश प्रहरी कार्यालय, आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| ४. | प्रदेश प्रहरी कार्यालय, केनाईन शाखा/उपशाखा प्रमुख | सदस्य |

(२) **"पशुपन्छी आहार (रासन) निकासा व्यवस्था समिति"** को काम कर्तव्य देहाय बमोजिम हुनेछ:

(क) **"पशुपन्छी आहार (रासन) निकासा व्यवस्था समिति"** ले **"स्वास्थ्य परीक्षण समिति"** र आवश्यकता अनुसार **"प्रहरी कुकुर (K-9) कार्यक्षमता परीक्षण समिति"** मार्फत सेवा प्रवेशको लागि उपयुक्त भनि प्रमाणीकरण भएको बच्चा कुकुर(हरु)लाई उक्त प्रमाणीकरणको आधारमा दैनिक स्केल बमोजिमको पशुपन्छी आहार (रासन) निकासाको व्यवस्था गर्नेछ।

(ख) आन्तरिक प्रजननद्वारा उत्पादन गरिएका थप बच्चा कुकुरको हकमा **"पशुपन्छी आहार (रासन) निकासा व्यवस्था समिति"** मार्फत सम्बन्धित केनाईन कार्यालय/शाखा/उपशाखाले बच्चा कुकुरको सङ्ख्याको आधारमा आवश्यक वा थप बजेटको लागि तालुक कार्यालयमा आर्थिक लेखापढी गर्नेछ।

(ग) आन्तरिक प्रजननद्वारा उत्पादन वा कुनै पनि श्रोत (खरिद वा सहयोग) मार्फत प्राप्त भई परीक्षणकालमा सफल भई प्रहरी सेवामा सेवा प्रवेश हुने प्रहरी कुकुर(हरु)को पशुपन्छी आहार (रासन) निकासा सम्बन्धी पत्रको नमूना **"अनुसूची -१३"** मा तोकिए बमोजिम हुनेछ।

१२. **प्रहरी कुकुरको लागि आवश्यक सामाग्री निकासा:** प्रहरी सेवामा सेवा प्रवेश गराई पशुपन्छी आहार (रासन) निकासाको लागि स्वीकृति प्राप्त भए पश्चात उक्त प्रहरी कुकुर(हरु)को लागि दैनिक प्रयोगमा ल्याईने सामानहरु १/१ थान सम्बन्धित प्रहरी कुकुरको ह्याण्डलरलाई निकासा गर्नु पर्नेछ। सेवा प्रवेश भएका प्रहरी कुकुरहरुले प्राप्त गर्ने सेवा सुविधा तथा दैनिक प्रयोग हुने सामानहरु सम्बन्धी व्यवस्था र उक्त सामानहरुको खपत अवधि **"अनुसूची -१४"** मा तोकिए बमोजिम हुनेछ।

## परिच्छेद -४

## प्रहरी कुकुर (K-9) को सेवामुक्त सम्बन्धी व्यवस्था

१३. **प्रहरी कुकुरको कार्यक्षमता परीक्षण समितिको गठन र काम कर्तव्य:** (१) केनाईन कार्यालय/शाखा/उपशाखामा सेवारत प्रहरी कुकुर(हरु)को आवश्यकता अनुसार विषयगत डिउटी परिचालनको कार्यक्षमता परीक्षण (Dog Validation Test) गरी प्रतिवेदन पेश गर्न संघीय/केन्द्रीय र प्रदेश स्तरमा देहाय बमोजिमको **"प्रहरी कुकुर (K-9) कार्यक्षमता परीक्षण समिति"** गठन गरिनेछ।

(क) संघीय/केन्द्रीय स्तरमा तालुक कार्यालयले देहाय बमोजिमको समिति गठन गर्नेछ:

| | | |
|---|---|---|
| १. | नेपाल प्रहरी केनाईन कार्यालयका सि.प्र.अ. | अध्यक्ष |
| २. | सम्बन्धित विषयको तालिम प्राप्त केनाईन प्रशिक्षक | सदस्य |
| ३. | सम्बन्धित विषयको तालिम प्राप्त केनाईन ह्याण्डलर | सदस्य |

(ख) प्रदेश स्तरमा तालुक कार्यालयले देहाय बमोजिमको समिति गठन गर्नेछ:

| | | |
|---|---|---|
| १. | केनाईन सेवा तर्फका सि.प्र.अ. | अध्यक्ष |
| २. | प्रदेश प्रहरी कार्यालय तालिम शाखामा कार्यरत (जु.प्र.अ) | सदस्य |
| ३. | सम्बन्धित विषयको तालिम प्राप्त केनाईन प्रशिक्षक | सदस्य |

(२) **"प्रहरी कुकुर (K-9) कार्यक्षमता परीक्षण समिति"** को काम कर्तव्य देहाय बमोजिम हुनेछ:

(क) कम्तिमा ७ (सात) वर्ष उमेर पुरा भईसकेका प्रहरी कुकुर(हरु)को कार्य क्षमता परीक्षण गर्ने,

(ख) प्रहरी कुकुरको दैनिक प्रशिक्षण, अभ्यास तथा डिउटी परिचालनका सम्बन्धमा सम्बन्धित ह्याण्डलर तथा कमाण्डरहरु मार्फत कार्य क्षमता कमजोर भएको भन्ने प्रतिवेदन गरिएका प्रहरी कुकुर(हरु)को कार्य क्षमता परीक्षण गर्ने,

(ग) कार्य क्षमता परीक्षण (Dog Validation Test) गरी **"अनुसूची -१५, १६ र १७"** बमोजिम मूल्याङ्कन फाराम भरी **"निष्क्रिय प्रहरी कुकुर (K-9) व्यवस्थापन समिति"** समक्ष **"अनुसूची -१९"** बमोजिमको प्रतिवेदन पेश गर्ने,

(घ) कार्य क्षमता परीक्षण (Dog Validation Test) को क्रममा निष्क्रिय गराउनु नपर्ने नतिजा प्राप्त भएमा त्यस्ता प्रहरी कुकुर(हरु)को ६ महिना पश्चात पुन: कार्य क्षमता परीक्षण (Dog Validation Test) गरी प्रतिवेदन पेश गर्ने।

**१४. निष्क्रिय प्रहरी कुकुर व्यवस्थापन समितिको गठन र काम कर्तव्य:** (१) केनाईन कार्यालय/शाखा/उपशाखाहरुमा सेवारत रहेका तर डिउटी परिचालन कार्यमा प्रयोग गर्न नसकिने अवस्थामा रहेका प्रहरी कुकुर(हरु)लाई निष्क्रिय प्रहरी कुकुर भनि प्रमाणीकरण गर्न र प्रमाणीकरण पश्चात प्रहरी कुकुर(हरु)को उचित व्यवस्थापन गर्न संघीय/केन्द्रीय र प्रदेश स्तरमा देहाय बमोजिमको **"निष्क्रिय प्रहरी कुकुर (K-9) व्यवस्थापन समिति"** गठन गरिनेछ:

(क) संघीय/केन्द्रीय स्तरमा तालुक कार्यालयले देहाय बमोजिमको समिति गठन गर्नेछ:

| | | |
|---|---|---|
| १. | नेपाल प्रहरी केनाईन कार्यालय प्रमुख | अध्यक्ष |
| २. | नेपाल प्रहरी प्रधान कार्यालय, प्रबन्ध शाखा (सि.प्र.अ.) | सदस्य |
| ३. | नेपाल प्रहरी प्रधान कार्यालय, कल्याण महाशाखा (सि.प्र.अ.) | सदस्य |
| ४. | नेपाल प्रहरी केनाईन कार्यालय, प्रबन्ध शाखा प्रमुख | सदस्य |

(ख) प्रदेश स्तरमा तालुक कार्यालयले देहाय बमोजिमको समिति गठन गर्नेछ:

| | | |
|---|---|---|
| १. | प्रदेश प्रहरी कार्यालय, प्रबन्ध शाखा प्रमुख | अध्यक्ष |
| २. | प्रदेश प्रहरी कार्यालय, कल्याण शाखा | सदस्य |
| ३. | प्रदेश प्रहरी केनाईन शाखा/उपशाखा प्रमुख | सदस्य |
| ४. | तालिम प्राप्त केनाईन प्रशिक्षक/ह्याण्डलर | सदस्य |

(२) **"निष्क्रिय प्रहरी कुकुर (K-9) व्यवस्थापन समिति"** को काम कर्तव्य देहाय बमोजिम हुनेछ:

(क) **"स्वास्थ्य परीक्षण समिति"** र **"प्रहरी कुकुर कार्यक्षमता परीक्षण समिति"**को प्रतिवेदनका आधारमा **"अनुसूची -२०"** बमोजिम प्रहरी कार्यमा प्रयोग गर्न नसकिने निष्क्रिय प्रहरी कुकुर भनी प्रमाणीकरण गर्ने,

(ख) प्रहरी कार्यमा प्रयोग गर्न नसकिने तर घरेलु प्रयोजनको लागि वितरण योग्य जुनसुकै उमेर समूहका प्रहरी कुकुर(हरु) वितरण प्रयोजनको लागि **"अनुसूची -२१"** बमोजिम **"मूल्य निर्धारण समिति"** मार्फत न्युनतम मूल्य निर्धारण गराउने,

(ग) मूल्य निर्धारण पश्चात वितरण गरिने प्रहरी कुकुर(हरु)को निर्धारित मूल्य सहितको विवरण समावेश गरी लिलाम बढाबढ सम्बन्धी बोलपत्रको आधिकारिक सूचना प्रकाशन गर्ने,

(घ) कुकुर बितरण सम्बन्धी बोलपत्रको आवश्यक कारबाही प्रकृया प्रचलित कानून बमोजिम कार्यान्वयन अन्तर्गत स-शुल्क वितरण व्यवस्थापन गर्ने,

(ङ) स-शुल्क वितरण व्यवस्थापनको क्रममा निष्क्रिय प्रहरी कुकुर स्वीकार गर्न चाहने निवेदकहरुले निर्धारित भन्दा कम मूल्य बोलकबोल गरेमा **"अनुसूची -२५"** बमोजिमको टिप्पणी र आदेश तयार गरी प्राप्त निवेदनहरु मध्ये धेरै मूल्य बोलकबोल गर्ने निवेदकलाई बोलकबोल मूल्यमा उपलब्ध गराउने,

(च) स-शुल्क वितरण हुन नसकेमा नि-शुल्क वितरण व्यवस्थापन गर्ने, नि-शुल्क वितरण समेत हुन नसकेका प्रहरी कुकुर(हरु)को मृत्यू नहुँदासम्म राशन तथा लगत कट्टा नगरी निष्क्रिय प्रहरी कुकुर(हरु)को रुपमा रहने व्यवस्था मिलाउने,

(छ) निष्क्रिय प्रहरी कुकुर(हरु) मध्ये वितरण गरिएका प्रहरी कुकुर(हरु)को सम्बन्धित कार्यालयबाट लगत कट्टा गरी अभिलेख अद्यावधिक गर्ने/गराउने,

(ज) निष्क्रिय प्रहरी कुकुरको स-शुल्क वितरण बापत प्राप्त रकम सम्बन्धित प्रहरी कार्यालय (संघीय केनाईन कार्यालयको हकमा केन्द्रीय प्रहरी कल्याण महाशाखा र प्रदेश केनाईन कार्यालय/शाखाको हकमा सम्बन्धित प्रदेशको कल्याण शाखा/कोष) को खातामा जम्मा गर्ने व्यवस्था मिलाउने।

**१५. मूल्य निर्धारण समितिको गठन र काम कर्तव्य:** (१) केनाईन कार्यालय/शाखा/उपशाखाहरुमा सेवारत रहेका तर डिउटी परिचालन कार्यमा प्रयोग गर्न नसकिने निष्क्रिय प्रहरी कुकुर भनि प्रमाणीकरण भएका प्रहरी कुकुर(हरु)को वितरण प्रयोजनार्थ न्युनतम मूल्य निर्धारण गर्न संघीय/केन्द्रीय र प्रदेश स्तरमा देहाय बमोजिमको **"मूल्य निर्धारण समिति"** गठन गरिनेछ:

(क) संघीय/केन्द्रीय स्तरमा तालुक कार्यालयले देहाय बमोजिमको समिति गठन गर्नेछ :

| | | |
|---|---|---|
| १. | नेपाल प्रहरी केनाईन कार्यालयका सि.प्र.अ. | अध्यक्ष |
| २. | नेपाल प्रहरी प्रधान कार्यालय, अ.अ. विभाग | सदस्य |
| ३. | नेपाल प्रहरी प्रधान कार्यालय, प्रबन्ध शाखा | सदस्य |
| ४. | नेपाल प्रहरी प्रधान कार्यालय, कल्याण महाशाखा | सदस्य |
| ५. | नेपाल प्रहरी केनाईन कार्यालय, आ.प्र. शाखा | सदस्य |

(ख) प्रदेश स्तरमा तालुक कार्यालयले देहाय बमोजिमको समिति गठन गर्नेछ:

| | | |
|---|---|---|
| १. | प्रदेश प्रहरी कार्यालय, आ.प्र. शाखा प्रमुख | अध्यक्ष |
| २. | प्रदेश प्रहरी कार्यालय, प्रबन्ध शाखा | सदस्य |
| ३. | प्रदेश प्रहरी कार्यालय, कल्याण शाखा | सदस्य |
| ४. | प्रदेश प्रहरी कार्यालय, प्रशासन शाखा | सदस्य |
| ५. | तालिम प्राप्त केनाईन प्रशिक्षक/ह्याण्डलर | सदस्य |

(२) **"मूल्य निर्धारण समिति"** को काम कर्तव्य देहाय बमोजिम हुनेछ:

(क) **"निष्क्रिय प्रहरी कुकुर (K-9) व्यवस्थापन समिति"** ले निष्क्रिय प्रमाणिकरण गरी मूल्य निर्धारणका लागि सिफारिस गरेका निष्क्रिय प्रहरी कुकुर(हरु)को मूल्य निर्धारण गर्ने।

(ख) मूल्य निर्धारण पश्चात **"निष्क्रिय प्रहरी कुकुर (K-9) व्यवस्थापन समिति"** समक्ष **"अनुसूची -२२"** बमोजिमको प्रतिवेदन पेश गर्ने।

(ग) निम्न कुराहरुमा आधारित रहेर मूल्य निर्धारण गर्ने।

अ) निष्क्रिय प्रहरी कुकुरको उमेर,

आ) खरिद गरिएका निष्क्रिय प्रहरी कुकुरको हकमा खरिद मूल्य,

इ) कुकुरको नश्ल,

ई) स्वास्थ्य परीक्षण र कार्य क्षमता परीक्षण प्रतिवेदन,

उ) शारीरिक अवस्था,

ऊ) सक्रियता (Activeness), सतर्कता (Alertness), पुनःप्राप्ति (Retrieving), चंचलता (Playfulness), ईनाम (Reward), प्रतिक्रिया (Response) आदिको अवलोकन एवं परीक्षण।

१६. **निष्क्रिय प्रहरी कुकुर वितरण व्यवस्थापन:** निष्क्रिय प्रहरी कुकुर भनि प्रमाणीकरण गरिएको प्रहरी कुकुरको लागि दैनिक प्रयोग हुने सामाग्री, रासन व्यवस्थापन, स्वास्थ्य उपचार लगायतका सम्पूर्ण कार्य प्रहरी कुकुर लिने भनि स्वीकार (Adopt) गर्ने व्यक्ति स्वयंले व्यहोर्ने गरी उक्त निष्क्रिय प्रहरी कुकुर देहाय बमोजिमको प्राथमिकताको आधारमा स-शुल्क/नि-शुल्क वितरण गरिनेछ:

| **प्राथमिकता** | **विवरण** | **कैफियत** |
|---|---|---|
| पहिलो | सम्बन्धित दाता | कुनै दाता मार्फत प्राप्त भएको प्रहरी कुकुरको हकमा निष्क्रियता पश्चात सम्बन्धित दाताले स्वीकार गर्न चाहेमा सोही दातालाई पहिलो प्राथमिकतामा राखी वितरण गरिने। |
| दोश्रो | नेपाल प्रहरीका बहालवाला प्रहरी कर्मचारीहरु<br>• नेपाल प्रहरीका सि.प्र.अ.<br>• केनाईन कार्यालय/शाखा/उपशाखामा कार्यरत प्र.क.हरु<br>• नेपाल प्रहरीका अन्य दर्जाका प्र.क.हरु | ईच्छुक बहालवाला प्रहरी कर्मचारीहरु मध्येबाट दर्ज्यानी जेष्ठताको आधारमा वितरण गरिने। |

| | | |
|---|---|---|
| तेश्रो | नेपाल प्रहरीका पूर्व प्रहरी कर्मचारीहरु<br>• केनाईन कार्यालय/शाखा/उपशाखा नजिक बसोबास गर्ने पूर्व प्र.क.हरु<br>• अन्य पूर्व प्र.क.हरु | ईच्छुक पूर्व प्रहरी कर्मचारीहरु मध्येबाट सम्बन्धित केनाईन कार्यालय/शाखा/उपशाखा नजिक बसोबास गर्ने र दर्ज्यानी जेष्ठताको आधारमा वितरण गरिने। |
| चौथो | अन्य सर्वसाधारण व्यक्तिहरु | प्राप्त निवेदनको आधारमा वितरण गरिने। |
| पाँचौं | कुनै पनि कार्यालय वा व्यक्तिले स्वीकार (Adopt) गर्न नचाहेमा त्यस्ता निष्क्रिय प्रहरी कुकुर(हरु)को मृत्यु नभएसम्म रासन, आवास र औषधी उपचार सम्बन्धी व्यवस्थापन सम्बन्धित प्रहरी कार्यालयबाट नियमित रुपमा गरिनेछ। | |
| नोट: नि-शुल्क निष्क्रिय प्रहरी कुकुर वितरण व्यवस्थापन गर्दा हरेक प्राथमिकतामा पहिलो निवेदनलाई प्राथमिकतामा राखी वितरण गरिने छ। | | |

१७. **निष्क्रिय प्रहरी कुकुर वितरणको सूचना:** (१) **"निष्क्रिय प्रहरी कुकुर (K-9) व्यवस्थापन समिति"** ले निष्क्रिय प्रहरी कुकुरको मूल्य निर्धारण पश्चात (स-शुल्क/नि-शुल्क) वितरण सम्बन्धी **"अनुसूची -२३"** बमोजिम सूचना ७ दिनको समयावधि तोकी नि-शुल्क माध्यमहरु मध्ये नेपाल प्रहरीको अनलाईन वेभसाईट, नेपाल प्रहरी केनाईन कार्यालयको आधिकारिक (सामाजिक सञ्जाल) पेजमा प्रकाशन वा सम्बन्धित केनाईन कार्यालय/शाखा/उपशाखाको सूचनापाटीमा टाँस गर्नेछ।

(२) निष्क्रिय प्रहरी कुकुर स्वीकार गर्न ईच्छुक दाता, बहालवाला एवं पूर्व प्रहरी कर्मचारीहरु र अन्य सर्वसाधारण व्यक्तिहरुले **"अनुसूची -२४"** बमोजिमको निवेदनका साथ देहाय बमोजिमका कागजात सम्बन्धित केनाईन कार्यालय/शाखा/उपशाखामा उपलब्ध गराउनु पर्नेछ:

(क) **नेपाल प्रहरीको बहालवाला प्रहरी कर्मचारीहरुको हकमा:** सम्बन्धित प्रहरी कर्मचारीको परिचय पत्रको प्रतिलिपि र निवेदन।

(ख) **नेपाल प्रहरीको पूर्व प्रहरी कर्मचारीहरुको हकमा**: सम्बन्धित पूर्व प्रहरी कर्मचारीको पेन्सनपट्टाको प्रतिलिपि र निवेदन।

(ग) **अन्य सर्वसाधारण व्यक्तिहरुको हकमा:** नाम, ठेगाना खुल्ने कुनै सरकारी प्रमाणपत्रको प्रतिलिपि र निवेदन।

(घ) **दाताको हकमा**: निवेदनको साथमा **"अनुसूची -३"** बमोजिमको सर्तनामाको प्रतिलिपि।

१८. **निष्क्रिय प्रहरी कुकुर स्वीकार गर्न ईच्छुकहरुको विवरण संकलन तथा छनौट: "निष्क्रिय प्रहरी कुकुर व्यवस्थापन समिति"**ले **"अनुसूची -२३"** अनुसार प्रकाशित सूचनाको आधारमा निष्क्रिय प्रहरी कुकुर स्वीकार गर्न ईच्छुक दाता, बहालवाला एवं पूर्व प्रहरी कर्मचारी र अन्य सर्वसाधारण व्यक्तिहरुको विवरण संकलन समाप्त भएको १ हप्ता भित्र समितिको बैठक बसी **"बूँदा -१६"** बमोजिमको प्राथमिकताको आधारमा स्वीकारकर्ता छनौट गर्नु पर्नेछ।

**१९. निष्क्रिय प्रहरी कुकुर वितरण तथा लगत कट्टा प्रकृया: "निष्क्रिय प्रहरी कुकुर (K-9) व्यवस्थापन समिति"** ले घरायसी प्रयोजनको लागि उपयुक्त भनि सिफारिस गरेको कुकुर वितरण गर्दा प्राथमिकताको आधारमा देहाय बमोजिमको आवश्यक प्रकृया पुरा गर्नु पर्नेछ:

(१) मूल्य निर्धारण समिति मार्फत मूल्य निर्धारण गर्ने,
(२) कुकुर बितरण सम्बन्धी आवश्यक कारबाही प्रकृया प्रचलित कानून बमोजिम कार्यान्वयन गर्ने,
(३) निष्क्रिय प्रहरी कुकुर वितरण सम्बन्धि सूचना प्रकाशन गर्ने,
(४) निवेदन संकलन गर्ने,
(५) स्वीकारकर्ता छनौट गर्ने,
(६) वितरण गर्ने र वितरण जाहेरी पठाउने,
(७) वितरण बापत प्राप्त रकम सम्बन्धित प्रहरी कार्यालय (संघीय केनाईन कार्यालयको हकमा केन्द्रीय प्रहरी कल्याण महाशाखा र प्रदेश प्रहरी केनाईन शाखा/उपशाखाहरुको हकमा सम्बन्धित प्रदेशको कल्याण शाखा/कोष) को खातामा दाखिला गर्ने,
(८) वितरण गरिएका प्रहरी कुकुर(हरु)को सम्बन्धित कार्यालयबाट **"अनुसूची -३६"** बमोजिम लगत कट्टा र अभिलेख अद्यावधिक गर्ने।

**२०. दुर्घटनाबाट प्रहरी कुकुर घाईते वा मृत्यु भएमा हुने क्षतिपूर्ति:** (१) प्रशिक्षण, डिउटी परिचालन, परिवहन लगायतका समयमा प्रहरी संगठन बाहिरका व्यक्तिहरुबाट अवरोध पुगी दुर्घटना वा अन्य विविध कारणबाट प्रहरी कुकुर घाईते भएमा वा मृत्यु हुन गएमा देहाय बमोजिम उचित क्षतिपुर्तीको व्यवस्था गर्नु पर्नेछ:

(क) दुर्घटनाबाट कुकुर घाईते भएमा उपचारको लागि लाग्ने सम्पूर्ण खर्च,
(ख) दुर्घटनाबाट कुकुरको मृत्यु भएमा सम्बन्धित नश्ल अनुसारको कुकुर खरिद गर्न लाग्ने रकम, प्रशिक्षण वापतको खर्च र पशुपन्छी आहार (रासन) वापतको खर्च (टेण्डरको आधारमा) दुर्घटना गराउने व्यक्तिले व्यहोर्ने।

**२१. प्रहरी कुकुरको मृत्यु खाली, सेवा मुक्त, पशुन्छी आहार (रासन) कट्टा र लगत कट्टा:** (१) विभिन्न किसिमका संक्रामक तथा अन्य रोग, कुनै दुर्घटनाका कारण उपचारको सिलसिलामा वा उमेरको कारण मृत्यु भएका प्रहरी कुकुरहरुको मृत्यु खाली गराउनको लागि सम्बन्धित कार्यालयको आर्थिक प्रशासन शाखाले **"अनुसूची -३५"** बमोजिम प्रहरी कुकुरलाई सेवामुक्त गरी पशुपन्छी आहार (रासन) र लगत कट्टा गर्ने आदेशार्थ देहाय बमोजिमका कागजपत्रहरु तालुक कार्यालयमा पेश गर्नु पर्नेछ:

(क) **"अनुसूची -२८"** बमोजिमको प्रहरी कर्मचारीको लिखित प्रतिवेदन,
(ख) **"अनुसूची -२९"** बमोजिमको पशु-चिकित्सकद्वारा प्रमाणित गरिएको मृत्यु प्रमाण पत्र,
(ग) **"अनुसूची -३०"** बमोजिमको घटनास्थल लाश जाँच प्रकृति मुचुल्का,
(घ) **"अनुसूची -३१"** बमोजिमको **Post mortem** परीक्षण प्रतिवेदन,
(ङ) **"अनुसूची -३२"** बमोजिमको प्रबन्ध शाखाको पत्र,
(च) **"अनुसूची -३३"** बमोजिमको टिप्पणी र आदेश।

(२) निष्क्रिय प्रहरी कुकुर व्यवस्थापन समितिले निष्क्रिय भनि प्रमाणीकरण गरेको कुकुर वितरण गरिए पश्चात सम्बन्धित कार्यालयको आर्थिक प्रशासन शाखाले **"अनुसूची -३५"** बमोजिमको प्रहरी कुकुरलाई सेवामुक्त गरी पशुपन्छी आहार (रासन) कट्टा गर्ने आदेश पत्रका साथ देहाय बमोजिमका कागजपत्रहरु तालुक कार्यालयमा पेश गर्नु पर्नेछः

(क) **"अनुसूची -२०"** बमोजिमको निष्क्रिय प्रमाणीकरण प्रतिवेदन,
(ख) **"अनुसूची -२२"** बमोजिमको निष्क्रिय प्रहरी कुकुरको मूल्य निर्धारण प्रतिवेदन,
(ग) **"अनुसूची -२३"** बमोजिमको निष्क्रिय प्रहरी कुकुर वितरण सम्बन्धी सूचना,
(घ) **"अनुसूची -२४"** बमोजिमको निष्क्रिय प्रहरी कुकुर स्वीकारको निवेदन,
(ङ) **"अनुसूची -२५"** निर्धारितभन्दा कम मूल्य बोलकबोलको टिप्पणी र आदेश
(च) **"अनुसूची -२६"** बमोजिमको निष्क्रिय प्रहरी कुकुर स्वीकारको सर्तनामा,
(छ) **"अनुसूची -२७"** बमोजिमको निष्क्रिय प्रहरी कुकुर वितरण गरिएको जाहेरी,
(ज) **"अनुसूची -३२"** बमोजिमको प्रबन्ध शाखाको पत्र,
(झ) **"अनुसूची -३४"** बमोजिमको टिप्पणी र आदेश।

## परिच्छेद -५
## विविध

**२२. वितरण गरिने निष्क्रिय प्रहरी कुकुरको साथमा उपलब्ध गराईने सामाग्रीः** निष्क्रिय प्रहरी कुकुर वितरण गर्दा सम्बन्धित केनाईन कार्यालय/शाखा/उपशाखाले निष्क्रिय प्रहरी कुकुर स्वीकार गर्ने व्यक्ति/कार्यालय/संघ/संस्थालाई कुकुरको साथमा देहाय बमोजिमका सामानहरु समेत सपलब्ध गराउने छः

(१) प्रहरी कुकुरको **History Sheet Book** थान -१
(२) नेक कलर थान -१
(३) लीश थान -१

**२३. शर्तनामाः** निष्क्रिय प्रहरी कुकुर स्वीकार गर्ने व्यक्तिहरुले **"अनुसूची-२६"** अनुसारको शर्तनामा अनिवार्य रुपमा पालना गर्नु पर्नेछ।

**२४. वितरण गरिने निष्क्रिय प्रहरी कुकुर ह्याण्डलिङ्ग सम्बन्धी जानकारीः** निष्क्रिय प्रहरी कुकुर स्वीकार गर्ने व्यक्तिहरुको निम्ति केनाईन कार्यालय/शाखा/उपशाखाहरुले हस्तान्तरण गरिने निष्क्रिय प्रहरी कुकुरहरुको बारेमा आधारभूत जानकारी गराउन १ (एक) दिनको अनुशिक्षण कार्यक्रमको व्यवस्था मिलाउनेछ।

**२५. बाधा अड्काउ फुकाउने अधिकार तथा संशोधनः** (१) यो कार्यनिर्देशन कार्यान्वयन गर्ने क्रममा कुनै बाधा अड्काउ परेमा नेपाल प्रहरी केनाईन कार्यालय प्रमुख वा प्रदेश प्रहरी केनाईन कार्यालय प्रमुखले तालुक कार्यालय मार्फत स्वीकृति लिई आवश्यकता बमोजिम बाधा अड्काउ फुकाउनेछ।

(२) कार्यनिर्देशन संशोधनका निम्ति नेपाल प्रहरी केनाईन कार्यालयले आवश्यकता बमोजिम तालुक कार्यालयमा पत्राचार गरी तालुक कार्यालयहरुको स्वीकृतिमा संशोधन गर्न सकिनेछ।

नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
नक्साल

## "अनुसूची -१"

(बूँदा नं. ३.३ को (च) सँग सम्बन्धित)

### प्रहरी कुकुर(हरु)को कायम गर्नु पर्ने विषयगत सङ्ख्या विवरण:-

| सि.नं. | कार्यालयको नाम | विषयगत प्रहरी कुकुरको सङ्ख्या | | | | आज्ञापालन | ब्रीडर | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | लागू औषध | विष्फोटक पदार्थ | खोजी तथा उद्धार | ट्र्याकर | | | |
| १. | नेपाल प्रहरी केनाईन कार्यालय, महाराजगंज, काठमाण्डौ। | १० | २५ | ८ | ८ | ९ | १८ | ७८ |
| २. | त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल सुरक्षा कार्यालय केनाईन शाखा, गौचर, काठमाण्डौ। | ७ | ७ | - | - | - | - | १४ |
| ३. | कोशी प्रदेश प्रहरी कार्यालय केनाईन शाखा, बिराटनगर (हाल धरान, सुनसरी)। | ५ | ५ | ३ | ३ | - | - | १६ |
| ४. | विमानस्थल सुरक्षा गार्ड केनाईन उपशाखा, बिराटनगर। | ४ | ४ | २ | २ | - | - | १२ |
| ५. | मधेश प्रदेश प्रहरी कार्यालय केनाईन शाखा, लालगढ, धनुषा। | ५ | ५ | ३ | ३ | - | - | १६ |
| ६. | विमानस्थल सुरक्षा गार्ड केनाईन उपशाखा, जनकपुर। | ४ | ४ | - | - | - | - | ८ |
| ७. | मधेश प्रदेश प्रहरी विपद व्यवस्थापन गुल्म केनाईन उपशाखा, बिरगंज। | ३ | ३ | २ | २ | - | - | १० |
| ८. | बागमती प्रदेश प्रहरी कार्यालय केनाईन शाखा, हेटौंडा, मकवानपुर। | ५ | ५ | ३ | ३ | - | - | १६ |
| ९. | गण्डकी प्रदेश प्रहरी कार्यालय केनाईन शाखा, पोखरा, कास्की। | ५ | ५ | ३ | ३ | - | - | १६ |
| १०. | गौतमबुद्ध अन्तराष्ट्रिय विमानस्थल सुरक्षा कार्यालय केनाईन शाखा, भैरहवा। | ५ | ५ | २ | २ | - | - | १४ |
| ११. | लुम्बिनी प्रदेश प्रहरी कार्यालय केनाईन शाखा, दाङ। | ५ | ५ | ३ | ३ | - | - | १६ |
| १२. | कर्णाली प्रदेश प्रहरी कार्यालय केनाईन शाखा, सुर्खेत (हाल कोहलपुर, बाँके)। | ५ | ५ | ३ | ३ | - | - | १६ |
| १३. | सुदुर पश्चिम प्रदेश प्रहरी कार्यालय केनाईन शाखा, धनगढी, कैलाली। | ५ | ५ | ३ | ३ | - | - | १६ |
| १४. | पोखरा अन्तराष्ट्रिय विमानस्थल सुरक्षा कार्यालय केनाईन शाखा, पोखरा, कास्की। | ४ | ४ | - | - | - | - | ८ |
| | जम्मा | ७२ | ८७ | ३५ | ३५ | ९ | १८ | २५६ |

"अनुसूची -२"

(बूँदा नं. ६.२ सँग सम्बन्धित)

## नेपाल प्रहरीले खरिद वा सहयोग स्वरुप प्राप्त गर्न सक्ने कुकुरका नश्लहरु

१. जर्मन शेफर्ड/अल्सेशन (German Shepherd/Alsation)
२. ल्याब्राडोर रिट्रीभर (Labrador Retriever)
३. गोल्डेन रिट्रीभर (Golden Retriever)
४. कोकर स्पानियल (Cocker Spaniel)
५. बिगल (Beagle)
६. बेल्जियन मेलिनोईज/बेल्जियन शेफर्ड (Belgian Malinois/Belgian Shepherd)
७. डच शेफर्ड (Dutch Shepherd)
८. ब्लडहाउन्ड (Bloodhound)
९. डोबरम्यान पिन्चर (Doberman Pincher)

"अनुसूची -३"

(बूँदा नं. ७.१ (ङ) सँग सम्बन्धित)

नेपाल सरकार गृह मन्त्रालय नेपाल प्रहरी प्रधान कार्यालय नक्साल

## दाताहरुले सहयोग स्वरुप कुकुर प्रदान गर्दाको सर्तनामा

लिखितम् धनीका नाम ............ प्रदेश ......... जिल्ला ........ म.न.पा./उ.म.न.पा./न.पा./गा.पा.......... वडा नं. ......... निवासी .......... को नाती ............ को छोरा श्री .......(कार्यालय),....... का कम्प्यूटर कोड नं./व्यक्तिगत नं ........ पद/दर्जा ...... नामथर ...... ले आफ्नो स्वेच्छाले श्री ........... केनाईन कार्यालय/शाखा/उपशाखा (ठेगाना) लाई सहयोग स्वरुप प्रदान गरेको (वर्ष .... को .... नामको .... जातको भाले/पोथी) कुकुर मैले स्वेच्छाले प्रदान गरेको र मैले/यस संघ/संस्थाले सहयोग स्वरुप प्रदान गरेको कुकुर भविष्यमा सेवामुक्त भए पश्चातको अवस्थामा बाहेक कुनै पनि कारण देखाएर फिर्ता पाउँ भन्ने छैन भनि आफ्नो राजिखुसीले यो सर्तनामा सहिछाप समेत गरिदिए।

ईति सम्वत् ................साल ............. महिना ........... गते रोज ........ शुभम्।

**प्रहरी कुकुर सहयोग (Donation) गर्नेको सहिछाप**

दाँया बाँया

"अनुसूची -४"

(बूँदा नं. १०.४ सँग सम्बन्धित)

## आन्तरिक प्रजननबाट जन्मेको बच्चा कुकुरको जन्मदर्ता प्रमाण-पत्र (Birth Certificate)

Goverment of Nepal
Ministry of Home Affairs
**Nepal Police Headquarter**
**Crime Investigation Department**
**Nepal Police Canine Office**
**(Veterinary Section)**

Ph.:- 01-4517022
01-4516921
Cell:- 9851285266
**Maharajgunj, Kathmandu**

E-mail:- canine_vet@nepalpolice.gov.np

**Ref.:-**

Date:- .......................

**जन्मदर्ता प्रमाणपत्र दिने पशु-चिकित्सकको कार्यालयको Format तथा Letterhead अनुसार**

# Birth Certificate of Dog

This is to certifiy that

...........................

(Name of the dog)

............. (gender) dog of breed ............

offspring of ............. (Male and breed) and ............ (Female and breed) was born with weight .......... gram at ......... (Time) on ............. (Day) of ............... (Nepali Month) of ............... (Nepali Year). The puppy seems to be healthy at the time of birth.

(Signature and stamp with Nepal Veterinary Council Regd. number)

(Dr. )

(Rank)

**"अनुसूची -५"**

(बूँदा नं. ८.१ (ख) को (आ) सँग सम्बन्धित)

नेपाल सरकार गृह मन्त्रालय नेपाल प्रहरी प्रधान कार्यालय नक्साल

**Health Certificate तयार गर्दा समावेश गर्नुपर्ने न्युनतम विवरणहरु**

1. Breed
2. Age
3. Sex
4. Physical/Clinical Examination (Eye, Ear, Temperature, Mucous membrane, Respiration rate, Heart rate, Lymph nodes)
5. Neurological Examination (gait and movement)
6. Infectious/Contagious disease symptoms
7. Fecal Examination (Parasitic infection) report
8. Hematological Examination (CBC) report
9. Serological Examination (LFT, KFT) report
10. Body Condition Score (Ranging from 1 to 5)
11. Chest and Pelvis X-Ray Report

"अनुसूची -६"

(बूँदा नं. ८.१ (ख) को (आ) सँग सम्बन्धित)

## सेवा प्रवेश गराउनु पर्ने कुकुरको स्वास्थ्य प्रमाण-पत्र (Soundness/Health Certificate)


Goverment of Nepal
Ministry of Home Affairs
**Nepal Police Headquarter**
**Crime Investigation Department**
**Nepal Police Canine Office**
**(Veterinary Section)**

Ph.:- 01-4517022
01-4516921
Cell:- 9851285266
**Maharajgunj, Kathmandu**

E-mail:- canine_vet@nepalpolice.gov.np


**Ref.:-**

Date:- ......................

**निरोगिताको प्रमाणपत्र दिने पशु-चिकित्सकको कार्यालयको Format तथा Letterhead अनुसार**

**Subject:- Certificate of Soundness**

This is to certify that, I have personally examined the dog/s mentioned below and the dog/s does/do not show evidence of any infectious/contagious disease at the time of examination. No any physical and neurological abnormalities were observed during examination. Hematology, Biochemistry and fecal sample test reports showed no any abnormal differences. The dog/s seems to be fit for police service on observation.

**Description of dog:-**

| S.N. | Name of the Dog | | Date of Birth/Age | Sex | Breed |
|---|---|---|---|---|---|
| | In english | नेपालीमा | | | |
| 1. | | | | | |

**Test Conducted:**

Physical Examination:

Clinical Examination:

Fecal Examination:

(Signature and stamp with Nepal Veterinary
Council Regd. number)

(Dr. )

(Rank)

"अनुसूची -७"
(बूँदा नं. ७.२ (च) सँग सम्बन्धित)

## परीक्षणकालका लागि कुकुर हस्तान्तरण गरिएको सम्बन्धी पत्र

नेपाल सरकार
गृह मन्त्रालय
**नेपाल प्रहरी प्रधान कार्यालय**
**अपराध अनुसन्धान विभाग**
**नेपाल प्रहरी केनाईन कार्यालय**
**(प्रबन्ध शाखा)**

फोन नं.:- ०१-४५१७०२२
०१-४५१६१२१
मो.नं.:- ९८५१२८५२६६

महाराजगंज, काठमाण्डौ।

E-mail:- canine_proc@nepalpolice.gov.np

**पत्र सङ्ख्या:-**
**प्रा.प.सं.:-**

**च.नं.**

**मिति:- ......................... ।**

**माथि राखिए अनुसारको विक्रीकर्ता कार्यालयको लेटर हेड वा दाताको आधिकारिक निवेदन**

**विषय:- कुकुर हस्तान्तरण गरिएको सम्बन्धमा ।**

श्री ..कुकुर बुझिलिने.. केनाईन कार्यालय/शाखा/उपशाखा,
ठेगाना ।

प्रस्तुत विषयमा तल उल्लेखित बच्चा कुकुर(हरु) केनाईन कार्यालय/शाखा/उपशाखाको लागि खरिद गरी ल्याई/सहयोग स्वरुप प्रदान गरी परीक्षणकाल अवधिभर (७ देखी १४ दिन) कुकुरको लागि आवश्यक पर्ने पशुपन्छी आहार विक्रीकर्ता स्वयमले व्यहोर्ने/दाताको हकमा सम्बन्धित प्रहरी कार्यालयले व्यहोर्ने गरी .......... केनाईन कार्यालय/शाखा/उपशाखामा परीक्षणका निमित्त हस्तान्तरण गरियो । परीक्षणकालमा असफल हुने कुकुर विक्रीकर्ता/दाता स्वयमले फिर्ता लैजान हामी दुबै पक्ष मञ्जुर छौं।

**निम्न:-**

| सि.नं. | कुकुरको नाम | लिङ्ग | कुकुरको जात | जन्म मिती/उमेर | विक्रीकर्ता वा दाताको नाम | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |

हस्तान्तरणकर्ता
(नामथर):
कार्यालय:
सम्पर्क नं.:

बुझिलिने
(नामथर):
कार्यालय:
सम्पर्क नं.:

"अनुसूची -८"

(बूँदा नं. १०.४ सँग सम्बन्धित)

## परीक्षणकालमा सफल भएको प्रमाणीकरण

नेपाल सरकार गृह मन्त्रालय नेपाल प्रहरी प्रधान कार्यालय नक्साल


Goverment of Nepal
Ministry of Home Affairs
**Nepal Police Headquarter**
**Crime Investigation Department**
**Nepal Police Canine Office**
**(Veterinary Section)**

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

Ph.:- 01-4517022
01-4516921
Cell:- 9851285266
**Maharajgunj, Kathmandu**

E-mail:- canine_vet@nepalpolice.gov.np


**Ref.:-**

Date:- ......................

**माथि राखिए अनुसारको प्रमाण-पत्र तयार गर्ने कार्यालय/शाखा/उपशाखाको लेटर हेड**

**विषयः- परीक्षणकालमा सफल भएको प्रमाणीकरण सम्बन्धमा ।**

श्री ...... प्रहरी कुकुरको पौष्टिक आहार (रासन) व्यवस्था गर्ने कार्यालय...,
ठेगाना ।

प्रस्तुत विषयमा तल उल्लेखित बच्चा कुकुर(हरु) केनाईन कार्यालय/शाखा/उपशाखाको लागि ............ (विक्रीकर्ताको नाम, ठेगाना) द्वारा खरिद गरी हस्तान्तरण गरिएको वा ........... (दाताको नाम, ठेगाना) बाट सहयोग स्वरुप प्रदान गरी...... (दिन) परीक्षणकालमा राखिएकोमा परीक्षणकालमा सफल भएको र प्रहरी सेवाको लागि ठिक रहेको व्यहोरा प्रमाणीकरण गरिन्छ ।

**निम्नः-**

| सि.नं. | कुकुरको नाम | लिङ्ग | कुकुरको जात | जन्म मिती/उमेर | विक्रीकर्ता वा दाताको नाम | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |

प्रमाणीकरण गर्नेको दर्जा
(नामथर)
कार्यालय

**"अनुसूची -९"**

(बूँदा नं. ९.२ (क) को (आ) सँग सम्बन्धित)

**सेवा प्रवेशका लागि स्वास्थ्य परीक्षण समितिको प्रतिवेदन**

श्रीमान ............ प्रमुखज्यू,

..........................., ठेगाना ।

मितिः -....../...../....... गते ।

**विषयः- प्रतिवेदन पेश गरिएको ।**

महोदय,

प्रस्तुत विषयमा ........... केनाईन कार्यालय/शाखा/उपशाखाको आवश्यकता अनुसार तल उल्लेखित बच्चा कुकुर(हरु) खरिद गरी ल्याई परीक्षणकालमा राखिएकोमा उक्त बच्चा कुकुर(हरु) प्रहरी सेवाको लागि योग्य रहे/नरहेको परीक्षण गरी आवश्यक प्रतिबेदन पेश गर्ने प्रयोजनार्थ **"प्रहरी कुकुर (K-9)हरुको विषयगत सङ्ख्या निर्धारण, सेवा प्रवेश तथा सेवामुक्त सम्बन्धि कार्यनिर्देशन -२०८०"** को प्रावधान बमोजिम ............ सचिवालय/विभाग/महाशाखा/कार्यालय/शाखाको च.नं...... मिति ........./........../...... गतेको पत्रादेशानुसार मेरो अध्यक्षतामा गठित ३ (तीन) सदस्यीय **"स्वास्थ्य परीक्षण समिति"**ले उक्त बच्चा कुकुर(हरु)को स्वास्थ्य, सक्रियता (Activeness), सतर्कता (Alertness), पुनःप्राप्ति (Retrieving), चंचलता (Playfulness), ईनाम (Reward), प्रतिक्रिया (Response) आदिको अवलोकन एवं परीक्षण गर्दा प्रहरी कार्यको लागि योग्य देखिएकोले/नदेखिएकाले सोही बमोजिमको प्रतिबेदन तयार पारि श्रीमान समक्ष पेश गरेका छौं ।

**निम्नः-**

| सि.नं. | कुकुरको | | | जन्म मिति | उमेर | पशुपन्छीको आहार (राशन) निकासा हुनु पर्ने मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | नाम | जात | लिङ्ग | | | | |
| १ | | | | | | | |

| अन्य विवरण | |
|---|---|
| स्वास्थ्य | स्वास्थ्य अवस्था ठिक रहेको/नरहेको ब्यहोराको स्वास्थ्य परीक्षणको प्रतिबेदन प्राप्त भएको । |
| सक्रियता (Activeness) | हरेक समय र अवस्थामा पूर्ण Activeness रहने/नरहने । |
| सतर्कता (Alertness) | हरेक किसिमका कामहरुमा पूर्ण Alertness रहने/नरहने । |
| पुनःप्राप्ति (Retrieving), | Retrieving तर्फ पुर्ण रुची भएको/नभएको । |
| चंचलता (Playfulness), | बल, खेलौना, ह्याण्डलर लगायत सबैसँग सहज तरिकाले खेल्ने/नखेल्ने । |
| ईनाम (Reward) | Verbally तथा Physically कुनै किसिमको Reward मा आधारित रहेर काम गराउन सकिने/नसकिने । |
| प्रतिक्रिया (Response) | ह्याण्डलरको हरेक किसिमका कमाण्ड तथा ईशाराहरुलाई सहज रुपमा Response गर्ने/नगर्ने । |

**प्रतिवेदकः**

...दर्जा .... नामथर .....कार्यालय -अध्यक्ष

...दर्जा .... नामथर .....कार्यालय -सदस्य

...दर्जा .... नामथर .....कार्यालय -सदस्य

**मितिः-** ......./....../...... गते ।

२६

"अनुसूची -१०"

(बूँदा नं. १०.५ सँग सम्बन्धित)

## पशुपन्छी आहार (रासन) निकासा व्यवस्था समितिको प्रतिवेदन

श्रीमान ............ प्रमुखज्यू,
........................, ठेगाना।

**विषय:- प्रतिवेदन पेश गरिएको।**

प्रस्तुत विषयमा नेपाल प्रहरीको लागि आवश्यक बच्चा कुकुर ...... जात ..... वटा केनाईन कार्यालय/शाखा/उपशाखा, ...ठेगानामा मिति .........../......../...... गते आन्तरिक प्रजनन् मार्फत उत्पादन गरीएको/........... विभाग/महाशाखा/कार्यालय/शाखाबाट खरिद गर्नको लागि ......खरिद कर्ताको नाम......सँग खरिद सम्झौता भई उक्त खरिद सम्झौता बमोजिम मिति ........./......./........... गते .......... केनाईन कार्यालय/शाखा/उपशाखामा प्राप्त भएको/कुनै दाता मार्फत सहयोग स्वरुप प्राप्त भएको बच्चा कुकुर(हरु)को लागि आवश्यक पशुपन्छी आहार (रासन) को व्यवस्था नभएको हुँदा थप भएका निम्नानुसारका प्रहरी कुकुर(हरु)को लागि पशुपन्छी आहार (रासन) निकासा हुन आवश्यक दखिएकाले आन्तरिक प्रजनन् मार्फत उत्पादन/नयाँ खरिद गरिएका/दाता मार्फत सहयोग स्वरुप प्राप्त भएका प्रहरी कुकुर(हरु)को लागि आवश्यक थप पशुपन्छी आहार (रासन) निकासा प्रयोजनार्थ **"प्रहरी कुकुर (K-9) हरुको विषयगत सङ्ख्या निर्धारण, सेवा प्रवेश तथा सेवा मुक्त सम्बन्धी कार्यनिर्देशन -२०८०"** को प्रावधान अनुसार मेरो अध्यक्षतामा गठित ४ (चार) सदस्यीय **"पशुपन्छी आहार (रासन) निकासा व्यवस्था समिति"** मार्फत यो प्रतिवेदन पेश गरेका छौँ।

**निम्न:-**

| सि.नं. | कुकुरको | | | जन्म मिति | उमेर | पशुपन्छी आहार (रासन) निकासा हुनुपर्ने मिति | कै. |
|---|---|---|---|---|---|---|---|
| | नाम | जात | लिङ्ग | | | | |
| १. | | | | | | | नयाँ खरिद/आन्तरिक प्रजनन् मार्फत उत्पादन |
| २. | | | | | | | |

**प्रतिवेदक:**

...दर्जा .... नामथर .....कार्यालय -अध्यक्ष

...दर्जा .... नामथर .....कार्यालय -सदस्य

...दर्जा .... नामथर .....कार्यालय -सदस्य

...दर्जा .... नामथर .....कार्यालय -सदस्य

**मिति:-** ......./....../...... गते।

"अनुसूची -११"

(बूँदा नं. ८.१ को (ग) सँग सम्बन्धित)

**सेवा प्रवेशको निम्ति प्रबन्ध शाखाको पत्र**

नेपाल सरकार
गृह मन्त्रालय
# नेपाल प्रहरी प्रधान कार्यालय
# अपराध अनुसन्धान विभाग
# नेपाल प्रहरी केनाईन कार्यालय
(प्रबन्ध शाखा)

फोन नं.:- ०१-४५१७०२२
०१-४५१६९२१
मो.नं.:- ९८५१२८५२६६

महाराजगंज, काठमाण्डौ ।

E-mail:- canine_proc@nepalpolice.gov.np

पत्र सङ्ख्या:-
प्रा.प.सं.:-

मिति:- ............................ ।

**माथि राखिए अनुसार पत्राचार गर्ने कार्यालय/शाखा/उपशाखाको लेटर हेड**

**विषय:- प्रहरी कुकुरलाई सेवा प्रवेश गरी पशुपन्छी आहार (रासन) निकासा गरिदिने सम्बन्धमा ।**

श्री ..पत्र पठाउनु पर्ने कार्यालय..,
विभाग/निर्देशनालय/महाशाखा/शाखा, ठेगाना ।

प्रस्तुत विषयमा .......... केनाईन कार्यालय/शाखा/उपशाखाको आवश्यकता अनुसार तल उल्लेखित बच्चा कुकुर(हरु) (आन्तरिक प्रजनन् मार्फत उत्पादन गरी/खरिद गरी ल्याई/सहयोग स्वरुप प्राप्त भई) परीक्षण कालमा राखिएकोमा हाल उक्त बच्चा कुकुर(हरु)को स्वास्थ्य परीक्षण गराँउदा स्वास्थ्य ठिक रहेको र प्रहरी कार्यको लागि योग्य रहेको भन्ने व्यहोराको स्वास्थ्य परीक्षण समितिबाट लिखित प्रतिवेदन प्राप्त हुन आएकोले उक्त बच्चा कुकुर(हरु)लाई तल उल्लेखित मितिबाट लागु हुने गरी प्रहरी सेवामा सेवा प्रवेश गराई पशुपन्छी आहार (रासन) निकासा गर्ने व्यवस्था हुन तपसिल बमोजिमका कागजातहरु यसै पत्रसाथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध गरिएको छ ।

**सेवा प्रवेश तथा पशुपन्छी आहार (रासन) निकासा गर्नु पर्ने प्रहरी कुकुर(हरु)को विवरण:-**

| सि.नं. | कुकुरको नाम | जात | लिङ्ग | उमेर | विषय | कै. |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| संलग्न राखिएको कागजातहरुको विवरण:- | | | | | | |
| १. | | | | | | |

**बोधार्थ:-**

आवश्यकता अनुसारका
श्री कार्यालय (विभाग/निर्देशनालय/महाशाखा/शाखा)को नाम र ठेगाना

**शाखा अधिकारी**
**(नामथर)**
**दर्जा**

"अनुसूची -१२"

(बूँदा नं. ८.१ को (ग) सँग सम्बन्धित)

## प्रहरी कुकुर सेवा प्रवेशको लागि टिप्पणी र आदेश

नेपाल सरकार
गृह मन्त्रालय
**नेपाल प्रहरी प्रधान कार्यालय**
**अपराध अनुसन्धान विभाग**
**नेपाल प्रहरी केनाईन कार्यालय**
**(आर्थिक प्रशासन शाखा)**

फोन नं.:- ०१-४५१७०२२
०१-४५१६९२१
मो.नं.:- ९८५१२८५२६६

महाराजगंज, काठमाण्डौ।
E-mail:- canine_ac@nepalpolice.gov.np

पत्र सङ्ख्या:-
प्रा.प.सं.:-

## टिप्पणी र आदेश

मितिः- ................।

**माथि राखिए अनुसारको टिप्पणी र आदेश तयार गर्ने कार्यालय/शाखा/उपशाखाको लेटर हेड**

**विषयः- प्रहरी सेवामा सेवा प्रवेश गराई पशुपन्छी आहार (रासन) निकासा गरिदिने आदेशार्थ।**

प्रस्तुत विषयमा .......... केनाईन कार्यालय/शाखा/उपशाखाको आवश्यकता अनुसार तल उल्लेखित बच्चा कुकुर(हरु) (आन्तरिक प्रजनन् मार्फत उत्पादन गरी/खरिद गरी ल्याई/सहयोग स्वरुप प्राप्त भई) परीक्षण कालमा राखिएकोमा हाल उक्त बच्चा कुकुर(हरु)को स्वास्थ्य परीक्षण गराँउदा स्वास्थ्य ठिक रहेको र प्रहरी कार्यको लागि योग्य रहेको भन्ने व्यहोराको स्वास्थ्य परीक्षण समितिबाट लिखित प्रतिवेदन प्राप्त हुन आएकोले उक्त कुकुर(हरु)लाई तल उल्लेखित मितिबाट लागु हुने गरी प्रहरी सेवामा सेवा प्रवेश गराई पशुपन्छी आहार (रासन) निकासा गर्ने आदेशार्थ यो टिप्पणी र आदेश तयार गरी सदर गर्नको लागि तालुक कार्यालयमा श्रीमान समक्ष पेश गर्दछौँ। श्रीमानको जो आदेश।

**सेवा प्रवेश तथा पशुपन्छी आहार (रासन) निकासा गर्नु पर्ने प्रहरी कुकुर(हरु)को विवरण:-**

| सि.नं. | कुकुरको नाम | लिङ्ग | कुकुरको जात | जन्म मिती/उमेर | सेवा प्रवेश गराउने मिति | खरिद स्थान वा सहयोगी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | |
| संलग्न राखिएको कागजातहरुको विवरण-: १. | | | | | | | |

| तयार गर्ने | पेश गर्ने | सिफारिस गर्ने | सदर गर्ने |
|---|---|---|---|
| दर्जा | दर्जा | दर्जा | दर्जा |
| (नामथर) | (नामथर) | (नामथर) | (नामथर) |
| कार्यालय | कार्यालय | कार्यालय | कार्यालय |

२९

"अनुसूची -१३"

(बूँदा नं. १०.१ सँग सम्बन्धित)

**पशुपन्छी आहार (रासन) निकासा सम्बन्धी पत्र**


नेपाल सरकार

गृह मन्त्रालय

**नेपाल प्रहरी प्रधान कार्यालय**

**अपराध अनुसन्धान विभाग**

**नेपाल प्रहरी केनाईन कार्यालय**

**(आर्थिक प्रशासन शाखा)**

फोन नं.:- ०१-४५१७०२२

०१-४५१६९२१

मो.नं.:- ९८५१२८५२६६

महाराजगंज, काठमाण्डौ।

E-mail:- canine_ac@nepalpolice.gov.np


पत्र सङ्ख्या:-

प्रा.प.सं.:-

च.नं.

मिति:- ........................।

**माथि राखिए अनुसारको पत्राचार गर्ने कार्यालय/शाखा/उपशाखाको लेटर हेड**

**विषय:- प्रहरी सेवामा सेवा प्रवेश गराई पशुपन्छी आहार (रासन) निकासा गरिदिने आदेशार्थ।**

श्री ..पत्र पठाउनु पर्ने कार्यालय....,

विभाग/निर्देशनालय/महाशाखा/शाखा, ठेगाना।

प्रस्तुत विषयमा .......... केनाईन कार्यालय/शाखा/उपशाखाको आवश्यकता अनुसार तपसिल बमोजिमको बच्चा कुकुर(हरु) (आन्तरिक प्रजनन् मार्फत उत्पादन गरी/खरिद गरी ल्याई/सहयोग स्वरुप प्राप्त भई) परीक्षण कालमा राखिएकोमा हाल उक्त बच्चा कुकुर(हरु)को स्वास्थ्य परीक्षण गराँउदा स्वास्थ्य ठिक रहेको र प्रहरी कार्यको लागि योग्य रहेको भन्ने व्यहोराको स्वास्थ्य परीक्षण समितिबाट लिखित प्रतिवेदन प्राप्त भएको हुँदा उल्लेखित बच्चा कुकुर(हरु)लाई मिति ........... गतेदेखि प्रहरी सेवामा सेवा प्रवेश गराई पशुपन्छी आहार (रासन) निकासा गर्ने व्यवस्था हुन भनि ............ कार्यालय/शाखा/उपशाखा, प्रबन्ध शाखाको च.नं. ...... मिति ........... गतेको पत्रसाथ तपसिल बमोजिमका कागजातहरु प्राप्त भएको हुँदा उल्लेखित प्रहरी कुकुरलाई मिति ............ गतेदेखि लागू हुने गरी प्रहरी सेवामा सेवा प्रवेश गराई पशुपन्छी आहार (रासन) निकासा गरिदिने आदेशार्थ प्रबन्ध शाखाबाट प्राप्त तपसिल बमोजिमका कागजातहरुको प्रतिलिपिका साथ टिप्पणी र आदेश सदरको लागि यसै पत्रसाथ संलग्न राखी पठाईएको व्यहोरा सादर अनुरोध गरिएको छ।

**सेवा प्रवेश तथा पशुपन्छी आहार (रासन) निकासा गर्नु पर्ने प्रहरी कुकुर(हरु)को विवरण:-**

| सि.नं. | कुकुरको नाम | लिङ्ग | कुकुरको जात | जन्म मिती/उमेर | सेवा प्रवेश गराउने मिति | खरिद स्थान वा सहयोगी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | |
| संलग्न राखिएको कागजातहरुको विवरण-: | | | | | | | |
| १. | | | | | | | |

**बोधार्थ:-**

आवश्यकता अनुसारका

श्री कार्यालय (विभाग/निर्देशनालय/महाशाखा/शाखा) को नाम र ठेगाना

कार्यालय प्रमुख

(नामथर)

दर्जा

**"अनुसूची -१४"**

(बूँदा नं. १२ सँग सम्बन्धित)

**सेवा प्रवेश पश्चात प्रहरी कुकुरले प्राप्त गर्ने सेवा सुविधाहरु**

१. कुकुरमैत्री केनल भवन
१. दैनिक स्केल अनुसारको पशुपन्छी आहार (रासन)
२. बिरामी हुँदा उचित उपचार
३. आवश्यकता अनुसारको Feed Supplements
४. नियमित सरसफाई
५. सम्बन्धित ह्याण्डलर र प्रहरी कर्मचारीहरुबाट मानवीय व्यवहार
६. दैनिक प्रयोग हुने सामानहरु (लीश/लीड, हार्नेश, नेक कलर, बल/कङ्ग, काँईयो, बडी ब्रस, टावल, ग्राउण्डसिट)

| सि.नं. | सामानको नाम | खपत अवधि | कै. |
|---|---|---|---|
| १. | साईड लीश/लीड | ३ महिना | |
| | ट्र्याकिङ्ग लीश/लीड | ६ महिना | |
| | ट्रेनिङ्ग लीश/लीड | १ बर्ष | |
| २. | हार्नेश | १ बर्ष | |
| ३. | नेक कलर | ६ महिना | |
| ४. | बल (Ball) | २ महिना | |
| | कङ्ग (Kong) | १ बर्ष | |
| ५. | स्टील काँईयो | १ बर्ष | |
| | प्लास्टिक काँईयो | २ महिना | |
| ७. | बडी ब्रस | ६ महिना | |
| ८. | टावल | ६ महिना | |
| ९. | ग्राउण्ड शीट | ६ महिना | |

“अनुसूची -१५”

(बूँदा नं. १३.२ को (ग) सँग सम्बन्धित)

नेपाल सरकार गृह मन्त्रालय नेपाल प्रहरी प्रधान कार्यालय नक्साल

**Arms & Explosive र Drugs Detection Dog को मूल्याङ्कन फाराम**

| सि.नं. | ह्याण्डलरको दर्जा नाम | कुकुरको नाम | Basic Obedience | Dog Obstacle | Ground Search | Luggage Search | Building Search | Vehicle Search | Human Body Search | Mixed Search | कुल पूर्णाङ्क | कुल प्राप्ताङ्क | दिईएको समय 10 मिनेट | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | | पूर्णाङ्क | 3 | 2 | 5 | 5 | 5 | 5 | 5 | 20 | 50 | | | |
| | | प्राप्ताङ्क | | | | | | | | | | | | |

**नोटः-**

१) निर्धारित समयभित्र काम पुरा गरिसक्नु पर्ने छ र बढी समय लागेमा १ मिनेट बराबर ०.२५ अङ्क काटिने छ।

२) कुकुर Explosive/Drugs भएको ठाँउ भन्दा बाहेक अन्यत्र (गलत) संकेत बराबर ०.२५ अङ्क काटिने छ।

३) कुकुरले Explosive/Drugs Miss गरेमा एउटा आर्टिकल Miss बराबर ०.५० अङ्क काटिने छ।

४) कार्य क्षमता परीक्षण प्रयोजनार्थ सञ्चालित परीक्षामा कूल पूर्णाङ्कको ५०% भन्दा कम अङ्क प्राप्त गर्ने प्रहरी कुकुर डिउटी परिचालनको लागी अयोग्य हुने छ।

सदस्य
दर्जा
(नामथर)
.......... कार्यालय/शाखा/उपशाखा

सदस्य
दर्जा
(नामथर)
.......... कार्यालय/शाखा/उपशाखा

अध्यक्ष
दर्जा
(नामथर)
.......... कार्यालय/शाखा/उपशाखा

**"अनुसूची -१६"**

(बूँदा नं. १३.२ को (ग) सँग सम्बन्धित)

**Search and Rescue Dog को मूल्याङ्कन फाराम**

| सि.नं. | ह्याण्डलरको दर्जा नाम | कुकुरको नाम | Basic Obedience | Dog Obstacle | दिशा निर्देश | ओपन अलर्ट | अलर्ट बक्स | अलर्ट होल | कंक्रिट पाईप | रब्बल्ड फिल्ड | नेचुरल डिजास्टर ट्रिनिङ्ग साईट | Mixed Search | कुल पूर्णाङ्क | कुल प्राप्ताङ्क | दिईएको समय 10 मिनेट | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | | पूर्णाङ्क | 3 | 2 | 5 | 5 | 5 | 5 | 5 | 5 | 5 | 10 | 50 | | | |
| | | प्राप्ताङ्क | | | | | | | | | | | | | | |

**नोटः-**

१) निर्धारित समयभित्र काम पुरा गरिसक्नु पर्ने छ र बढी समय लागेमा १ मिनेट बराबर ०.२५ अङ्क काटिने छ।

२) Victim भन्दा धेरै टाढा (गलत) संकेत बराबर ०.२५ अङ्क काटिने छ।

३) एउटा Victim Miss बराबर ०.५० अङ्क काटिने छ।

४) कार्य क्षमता परीक्षण प्रयोजनार्थ सञ्चालित परीक्षामा कूल पूर्णाङ्कको ५०% भन्दा कम अङ्क प्राप्त गर्ने प्रहरी कुकुर डिउटी परिचालनको लागी अयोग्य हुने छ।

सदस्य
दर्जा
(नामथर)
.......... कार्यालय/शाखा/उपशाखा

सदस्य
दर्जा
(नामथर)
.......... कार्यालय/शाखा/उपशाखा

अध्यक्ष
दर्जा
(नामथर)
.......... कार्यालय/शाखा/उपशाखा

"अनुसूची -१७"

(बूँदा नं. १३.२ को (ग) सँग सम्बन्धित)

नेपाल सरकार गृह मन्त्रालय नेपाल प्रहरी प्रधान कार्यालय नक्साल

## Tracker Dog को मूल्याङ्कन फाराम

| सि.नं. | ह्याण्डलरको दर्जा नाम | कुकुरको नाम | Basic Obedience | Dog Obstacle | Tracking | Searching | Find out | Scent Discrimination | Mixed Functions | कुल पूर्णाङ्क | कुल प्राप्ताङ्क | दिएको समय 10 मिनेट | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | | पूर्णाङ्क | 3 | 2 | 5 | 5 | 5 | 5 | 25 | 50 | | | |
| | | प्राप्ताङ्क | | | | | | | | | | | |

**नोटः-**

१) निर्धारित समयभित्र काम पुरा गरिसक्नु पर्ने छ र बढी समय लागेमा १ मिनेट बराबर ०.२५ अङ्क काटिने छ।

२) गलत बाटो पछ्याएमा ०.२५ अङ्क काटिने छ।

३) गलत व्यक्ति वा सामान पक्रेमा प्रति एक सङ्ख्या बराबर ०.५० अङ्कका दरले काटिने छ।

४) कार्य क्षमता परीक्षण प्रयोजनार्थ सञ्चालित परीक्षामा कूल पूर्णाङ्कको ५०% भन्दा कम अङ्क प्राप्त गर्ने प्रहरी कुकुर डिउटी परिचालनको लागी अयोग्य हुने छ।

सदस्य
दर्जा
(नामथर)
.......... कार्यालय/शाखा/उपशाखा

सदस्य
दर्जा
(नामथर)
